# पश्चिम नेपालका मगर र खानी खन्ने परम्परा

## बागलुङ जिल्ला राङ्गखानी गा.वि.स.४ को एक समाज शास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूरा गर्नको लागि त्रिभुवन विश्व विद्यालय कीर्तिपुर समाजशास्त्र तथा मानव शास्त्र विभागमा प्रस्तुत शोधप्रस्ताव


शोधकर्ता

पुष्पा श्रीस

समाज शास्त्र/मानव शास्त्र विभाग

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाण्डौं

त्रि.वि. रोल नं. : ३५३/०६३

# त्रिभुवन विश्वविद्यालय
# समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
# कीर्तिपुर, काठमाडौं

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको उपाधी प्राप्तीको आंशिक आवश्यकता पूरा गर्नको लागि  पुष्पा श्रीसले बागलुङ जिल्ला "राङ्गखानी गा.वि.स. वडा नं. ४ का मगरहरु र खानी खन्ने परम्पराको एक समाजशास्त्रीय अध्ययन" शिर्षकको प्रस्तुत शोध-पत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । अति लगनशील भई परिश्रमपूर्वक तयार पार्नुभएको यस शोध-पत्रबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यकता मुल्याङ्कनको लागि विभाग समक्ष सिफारिस गर्दछु ।

**शोध निर्देशक**

..................

डा.ओम प्रसाद गुरुङ

समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभग

कीर्तिपुर,काठमाडौं

मिति : २०६८

# त्रिभुवन विश्वविद्यालय

# समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग

# कीर्तिपुर, काठमाडौँ

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय अन्तर्गत पुष्पा श्रीसद्वारा बागलुङ जिल्ला "राङ्खानी गा.वि.स.वडा नं. ४ का मगरहरु र खानी खन्ने परम्पराको एक समाजशास्त्रीय अध्ययन" विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको लागि उचित ठहराईएकोले स्वीकृति प्रदान गरिएको छ ।

### शोध मूल्याङ्कन समीति

| समीतिका सदस्यज्यूहरुको नाम | हस्ताक्षर |
|---|---|
| १. संयोजक | |
| सुरेश ढकाल | ............. |
| २. शोध निर्देशक | |
| डा. ओम प्रसाद गुरुङ | ............. |

मिति : २०६८

# कृतज्ञता ज्ञापन

विश्व परिवेशमा नेपाल एक प्राकृतिक सौन्दर्यले सजिएको सुन्दर देश हो । यहाँ विभिन्न जातजातिको बसोबास छ । ती विभिन्न जातजाति मध्ये समय र परिरिस्थति अनुसार विकाशको उज्यालो देख्न नपाएको ६१ जनजाति मध्ये मगर जाति पहिलो पंक्तिमा पर्दछ । तर पनि यो जाति अन्य जातिको तुलनामा निकै पिछडिएका छन् । साथै सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र राजनैतिक रुपमा पिछडिएको पाईन्छ । त्यसैले मगर समुदायहरुको समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन अनुसन्धान गर्नु आवश्यक ठानी मैले यो अध्ययन गरेकी छु ।

सर्वप्रथम अत्यन्त गहन एवं संवेदनशील रुपमा रहेको खानी खन्ने परम्पराको अध्ययन गर्ने अवसर दिएकोमा समाजशास्त्र एवं मानवशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर प्रति कृतज्ञता ब्यक्त गर्दछु । त्यसै गरी सुझाव सल्लाह, सहयोग गर्नुहुने समाजशास्त्र विभागका बहिनी श्री सुमीत्रा थापा मगर, भाइ झकेन्द्र घर्ती मगर, कुमारी थापा मगर, सिताराम पुन मगर र टेक बहादुर पाइजा (पुन) मगरप्रति आभार ब्यक्त गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा आवश्यक मार्ग निर्देशन, सुझाव र सल्लाह दिनुहुने आदरणीय गुरु श्री ओम गुरुङज्यूको योगदान अतुलनीय छ र उहाँप्रति म धेरै कृतज्ञ छु । त्यसै गरी कीर्तिपुर क्याम्पसमा अध्ययन गराउनुहुने सम्पूर्ण आदरणीय गुरु-गुरुआमाप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसै गरी यो शोधपत्र तयार पार्दा स्थलगत सर्वेक्षण र तथ्याङ्क संकलन आदि कार्यमा सहयोग पुर्‍यानुहुने श्री आदरणीय पिताजी बम बहादुर श्रीस मगर, पूर्ण श्रीस मगर, भक्तकैलाश श्रीस मगर प्रति कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी अध्ययनका लागि सधैं सहज वातावरण तयार गरिदिनुहुने आदरणीय बाबा-आमा र दाजुप्रति म सधैं ऋणी छु, उहाँहरुप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

पुष्पा श्रीस

# विषय सूची

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता पत्र**

**विषय-सूची**

**१.परिच्छेद- एक**

१.१ पृष्ठभूमि ....................................................................................१
१.२ समस्याको कथन ..........................................................................३
१.३ अध्ययनको उद्देश्य ........................................................................४
१.४ अध्ययनको औचित्य ......................................................................६

**२.परिच्छेद- दुई**

२.१ साहित्यको समिक्षा ........................................................................८

**३.परिच्छेद- तीन**

३.१ अध्ययन विधि तथा अध्ययन क्षेत्रको छनोट ..........................................१९

३.२ अनुसन्धानको ढाँचा ......................................................................१९

३.३ नमुना छनोट विधि ........................................................................२०

३.४ तथ्याङ्कको प्रकृति र श्रोतहरु ...........................................................२०

३.५ तथ्याङ्क सङ्कलनको विधि .............................................................२१

३.६ अध्ययनका सिमाहरु .......................................................................२३

## ४.परिच्छेद-चार

४.१ राङ्खानीका मगरहरुको सामाजिक सांस्कृतिक परिचय ................................२४

४.२ यातायात तथा सञ्चारको स्थिति ........................................................२५

४.३ राङ्खानी गा.वि.स.मा बसोबास गर्ने मगरहरुको परिचय ..............................२५

४.४ सामाजिक पक्ष ....................................................................................२६

४.५ भाषा ..................................................................................................२७

४.६ पारिवारिक संरचना ..............................................................................२८

४.७ वैवाहिक स्थिति ...................................................................................२८

४.८ जनसंख्याको विवरण .............................................................................३१

४.९ सांस्कृतिक पक्ष ....................................................................................३२

४.१० जन्म संस्कार .....................................................................................३२

४.११ छेवर .................................................................................................३३

४.१२ मृत्यु संस्कार .....................................................................................३३

४.१३ कूल पूजा ...........................................................................................३५

४.१४ पित्रकाज ...........................................................................................३७

४.१५ दियाली पूजा .....................................................................................३८

४.१६ रहनसहन ...........................................................................................३९

४.१७ भेषभुषा र खानपान .............................................................................४०

४.१८ धार्मिक चाडपर्वहरु ..............................................................................४०

४.१९ धार्मिक परम्परा, विश्वास र धर्म .........................................................४२

४.२० गीत तथा संगीतका सामानहरु .........................................................४३

४.२१ आर्थिक पक्ष ....................................................................................४३

४.२२ घरको बनावट र किसिम ........................................................................४४

४.२३ शिक्षा ..............................................................................................४४

**५.परिच्छेद-पाँच**

५.१ राङ्खानीका मगरहरुको खानी खन्ने परम्परा र त्यसले उनीहरुको सामाजिक आर्थिक जीवनमा पारेको असर ......................................................................४६

५.२ खानी खन्ने परम्पराको उत्पत्ति ..................................................................४७

५३.खानी खन्ने परम्पराको सामाजिक महत्व ......................................................४८

५.४ खानी खन्ने परम्पराको आर्थिक महत्व ........................................................४८

५.५ खानी खन्ने परम्पराको आर्थिक असर .........................................................४९

५.६ आर्थिक स्थितिमा आएको परिवर्तन ..............................................................५०

५.७ खानी खन्ने विधि ........................................................................................५०

५.८ खानी खन्ने परम्परामा आएको परिवर्तन ........................................................५१

५.९ खानी खन्ने परम्परामा विगत र वर्तमानमा देखिएको परिवर्तन ..........................५१

**६. परिच्छेद-छ**

६.१ अध्ययनको सारांश, निष्कर्ष र सुझवहरु ........................................................५३

सन्दर्भ सामाग्रीहरु ........................................................................................५७

परिशिष्ट

अनुसूची १ ..................................................................................................५९

अनुसूची २ ..................................................................................................६३

अनुसूची ३ ..................................................................................६४

# परिच्छेद- एक

## १.१ पृष्ठभूमि (**Background of the Study**)

नेपाल विश्वमानचित्रमा २६$^{o}$२२" उत्तर देखि ३०$^{o}$२७" उत्तरी अक्षांश र ८०$^{o}$ ४" पूर्व देखि ८८$^{o}$ १२" पूर्व देशान्तरमा फैलिएको छ । यसको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी.छ र लम्बाई सालाखाला ८८५ कि.मी. र चौडाई १९.३ कि.मी. रहेको छ भने यसले विश्वको ०.०३% भूभाग ओगटेको छ । नेपाल एशिया महादेशको दक्षिणी भागमा पर्दछ ।

नेपाल एक बहुभाषिक, बहुजातिय, बहु धार्मिक, बहु साँस्कृतिक मुलुक हो । यहाँ सबै जातजातीको सुन्दर रङ्गीविरङ्गी फूलबारीभित्र बाहुन, क्षेत्री, मगर, राई, लिम्बु, गुरुङ, शेर्पा, थकाली, चेपाङ, थारु, धिमाल, राजबंशी, कामी, दमाई, सार्की, गाइने, सुनुवार,दनुवार, लेप्चा, थामी, तामाङ, मेचे,कोचे, भोटे, माझी, कुमाल, राउटे, बोटे, जिरेल आदि बसोबास गर्दछन् । नेपालमा बसोबास गर्ने यी सम्पूर्ण जातजातिहरु विकाशको आधारमा सबै समान विकसित अवस्थामा छैनन् ।

नेपालको कुल जनसँख्या २०५८ सालको जनगणना अनुसार २,३१,५१,४२३ रहेको छ । पुरुषको संख्या १,१५,६३,९२१ र महिलाको संख्या १,१५,८७,५०२ रहेको छ । पुरुषको साक्षरता ६५.०८% र महिलाको साक्षरता ४२.४९% रहेको छ । यस सबै जातजातिको फूलबारीभित्र बसोबास गर्ने आदिबासी जनजातिहरु मध्ये मगर पनि एक हो । मगरहरु नेपाल अधिराज्यको पूर्वमेची देखि पश्चिम महाकाली सम्म नै फैलिएर बसोबास गरेको पाईन्छ । विशेष गरी पूर्वमा रामेछाप, सिन्धुली, खोटाङ, उदयपुर, ओखलढुङ्गा सर्लाही, महोत्तरी, र पश्चिममा रुकुम, रोल्पा, स्याङ्जा, पाल्पा, तनहु बाग्लुङ्ग, गुल्मी, प्युठान आदि जिल्लाहरुमा मगरहरुको बसोबास बाहुल्य छ । मगरजातिले आफ्नै मातृभाषा बोल्दछन् । यस मगरजाति बीचमा पनि तीन थरीका मातृभाषा बोल्दछन् । ती हुन् काइके, खाम र ढुट । नेपालमा मगरको जनसंख्या तेस्रो स्थानमा रहेको छ । २०५८ सालको जनगणना अनुसार मगरहरुको जम्मा जनसंख्या १६,२२,४२१ अर्थात ७.१४% छ । (रञ्जना आले,२०६३ :२)

नेपाल अधिराज्यको संविधान, २०४७ ले विभिन्न जाति, धर्म, संस्कृति, वर्ण र सम्प्रदायबीच विद्यमान आर्थिक, सामाजिक असमानता हटाउने र सबै जाति, धर्म, सम्प्रदाय र भाषाभाषीहरुको भाषा साहित्य, कला, लिपि, धर्म संस्कृतिको विकास गराई सांस्कृतिक विविधता र पहिचान कायमै राखी राष्ट्रिय एकता सुदृढ गर्ने र शिक्षा, स्वास्थ्य,

रोजगारको व्यवस्था गरी आदिबासी जनजातिको उत्थान गर्ने परिकल्पना अघि सारेको कुरा विदितै छ ।

"आफ्नै मातृभाषा र परम्परा, रीतिरिवाज भएको चार वर्णको हिन्दू वर्णाश्रम भित्र नपर्ने जनजाति अन्तर्गत पर्दछन् ।" जनजाति भन्नाले निम्न विशेषता भएका समुदायलाई जनाउँछ । जसको आफ्नो छुट्टै सामुहिक, सांस्कृतिक पहिचान हुन्छ । जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज, संस्कृति छ । जसको आफ्नै परम्परागत भौगोलिक क्षेत्र छ । जसको लिखित वा अलिखित इतिहास छ । जुन समुदायभित्र "हामी" को भावना छ, जुन समुदायको आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनमा कुनै निर्णायक भूमिका छैन जो नेपालको आदिबासी हो, जसले आफूलाई जनजाति भन्दछन् । (नेपालका जनजातिहरु २०५७)

मगर समुदायभित्र ठूलो सानो जात भन्ने हुँदैन सबै समान हुन्छन् । सबै थरसँग एक किसिमको भावना हुन्छ । एक थरले अर्को थरसँग विहेवारी चलाउँछन् । मगरहरुको आफ्नो लिपि छ । जसलाई अक्खा लिपि भनिन्छ । जुन नेपालको इतिहासमा धेरै पुरानो लिपि मानिन्छ ।मगर जातिहरुको खाना विशेष गरी मकैको भात (च्याख्ला) रोटी, मकै, भात, ढिडो आदि हुन् ।

कुनै पनि समुदाय वा जातिको धर्म, संस्कार सामाजिक रहनसहन परम्परा, भाषा संस्कृति, ऐतिहासिक पक्ष आदिको उल्लेख गर्नु भन्दा अगाडि सो समुदाय वा जातिको ऐतिहासिक पक्षको जानकारी लिन आवश्यक देखिन्छ । यो शोधपत्र खानी खन्ने मगरहरुसँग सम्बन्धित रहेको छ ।

सबै खानी गाउँका मगरहरको बसोबास क्षेत्रलाई अध्ययन गर्न कठिन पर्ने र निष्कर्ष निकाल्न समेत गाह्रो हुने हुनाले बाग्लुङ जिल्ला राङ्गखानी गा.वि.स. वडा नं. ४ लाई अध्ययनको क्षेत्र बनाइएको छ । विशेष गरी यहाँका मगरहरु र खानी सम्बन्धि अध्ययन गरिने छ ।

खानीबाट निकालिएका धातुहरु जस्तैः तामा, फलाम, सिसा, सुन आदि धातुहरु मानवजीवनको क्रियाकलापसँग महत्वपूर्ण भूमिका र प्रयोगमा आउने बस्तुहरु हुन् । यी

बस्तुहरु जमिनभित्र सुरुङ्ग खनेर धातु बाहिर निकाली यसलाई प्रशोधन गरेर मानवजीवनमा आवश्यक पर्ने सामाग्रीहरु बनाइन्छ ।

नेपालमा पनि विभिन्न ठाउँहरुमा खानी खनेर धातु निकालिन्थ्यो । कुनै बेला खनिज पदार्थ (धातु) सरकारको प्रमुख आयस्रोत मध्येको एक थियो । नेपालमा खानी खनेर धातु निकाल्ने जातिहरु मगर, गुरुङ, छन्त्याल, घर्ती, श्रीस मगर र कामीहरु थिए । जसलाई आग्री भनिन्थ्यो । उनीहरुले खनेको खानीबाट निकालिएको धातु आधा सरकारलाई कर बुझाउनु पर्दथ्यो ।

(गुरुङ १९९६ पृष्ठ.५८) यो कुरा ठीक हो । यो लेखाइ त्यहाँका बूढापाकाहरुको भनाईसँग मिलेको छ ।

खानी खनिएका जिल्लाहरु मध्ये बाग्लुङ जिल्ला पनि एक हो । यस जिल्लामा खानी खनेका विभिन्न ठाउँहरुमध्ये राङ्खानी पनि एक हो । यस राङ्खानीका मगरहरुले पनि प्रशस्त मात्रामा खानी खनेका थिए । अझ सम्म पनि यस ठाउँमा खानी खनेका सुरुङ्गहरु अवशेषको रुपमा देख्न सकिन्छ । साथै खानीबाट निकालेर तयार पारेका चलनचल्तीका सामाग्रीहरु जस्तै ताउलो, गाग्री, माना जस्ता सामाग्रीहरु आजसम्म पनि देख्न सकिन्छ ।

## १.२ समस्याको कथन

नेपालको आदिबासीहरु मध्येका मगर जाति प्रमुख आदिबासी हुन् । कुनै पनि जातिको अस्तित्व उसको धर्म, संस्कार, परम्परामा अडेको हुन्छ । यी विभिन्न परम्पराले पृथक जातिय पहिचान झल्काई रहेको हुन्छ । नेपाल विश्वमा नै बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक मुलुक भएकोले प्रत्येक जात जातिहरुको मौलिक सांस्कृतिक गरिमा कायम रहेको देशको रुपमा परिचित छ ।

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य बागलुङ राङ्खानीमा खानी खन्ने परम्पराको लोप भैसकेको अवस्था छ । विगतकालमा खानी खन्ने परम्परा त्यहाँको मगर समुदायको जिविकोपार्जनसँग सम्बन्धित पक्षको अध्ययन भएको पाईंदैन । त्यसकारण यस शीर्षक अन्तर्गत राङ्खानीका मगरहरु र खानी खन्ने परम्पराको अध्ययन अनुसन्धान गर्न आवश्यक महशुस गरी अध्ययन अनुसन्धान गरिएको छ ।

राङ्खानीका मगर पुर्खाहरुले खानी खनेर जे जसरी जीवन चलाएका थिए ती कार्य अहिले लोप भैसकेको भए पनि त्यसको अवशेष बाँकी रहेकोले यसको पहिचानको लागि यी सुरुङ्गहरु प्रमुख मानिन्छन् । 'खानी खन्ने परम्परा'को विषयमा विभिन्न विज्ञहरुले प्रकाशित गरेका पुस्तकहरुमा लेखहरु लेखेका छन् , जसमा राङ्खानीका मगरहरु र खानी खन्ने परम्पराबारे कसैबाट लेखेको पाईएन । त्यसैले यस सम्बन्धि अनुसन्धान गर्नु आवश्यक छ र खानी खन्ने परम्परा र त्यहाँका मगरहरुबारे सत्य तथ्य जानकारी आम मगर समुदायमा ल्याउन पनि त्यत्तिकै महत्वपूर्ण छ ।

कुनै पनि परम्पराको विगत तथा वर्तमान हुन्छ र भविष्य पनि । त्यसैले राङ्खानीका मगर पुर्खाहरुले अँगाल्दै आएका खानी खन्ने परम्परालाई वर्तमानका मगरहरुले जानकारी पाउनु आवश्यक छ । यही कारणले गर्दा खानी खन्ने परम्पराको अध्ययन गरी वस्तुस्थिति तथा यथार्थ झल्काउनु प्रस्तुत शोधकार्यको उद्देश्य हो ।

राङ्खानीका मगरहरु र खानी खन्ने परम्पराको पहिचान गर्नुपर्ने आवश्यकता महशुस गरी उक्त शोधकार्य तयार पारिएको हो । यस परम्परालाई त्यहाँका मगर सन्ततीहरुले जानकारी पाउन मद्दत पुग्ने हुनाले यस पेशाका बारेमा समाजशास्त्रीय रुपमा गहन अध्ययनको खाँचो रहेको छ । कुनै पनि परम्परा राष्ट्रको गहना हो, सम्पत्ति हो । यस्ता महत्वपूर्ण परम्परालाई जोगाउनु प्रत्येक नेपालीको कर्तब्य पनि हो । त्यसैले यो अध्ययन अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) 'खानी खन्ने परम्परा'को धार्मिक महत्व के थियो ?
२) 'खानी खन्ने परम्परा'को सामाजिक, सांस्कृतिक, आर्थिक महत्व के थियो ?
३) 'खानी खन्ने परम्परा'को थालनी कहिले भयो ?
४) 'खानी खन्ने परम्परा'को वर्तमान अवस्था कस्तो छ ?
५) 'खानी खन्ने परम्परा'को संरक्षण गर्नु किन आवश्यक छ ?

## १.३ अध्ययनको उद्देश्य

देशको वास्तविकतालाई केलाउनको लागि यस राष्ट्रमा बसोबास गर्ने सम्पूर्ण जातजातिहरुको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक पक्षमाथि अध्ययन गर्नु नितान्त आवश्यक छ । सो अध्ययनबाट यस देशका जनजातिको वास्तविक यथार्थ थाहा पाउन सकिन्छ । कुनै पनि जाति/जनजातिको उसको सामाजिक, आर्थिक, सांस्कृतिक,

परम्पराको अध्ययनबाट कुन जातिको परम्परा सुदृढ छ र कुन जातिको जातिय परम्परा लोप भैसकेको छ ? भन्नेबारे यथार्थता पत्ता लगाई त्यसको संरक्षण गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने देखिन्छ ।

कुनै पनि समाजको अध्ययन अनुसन्धान गर्नु एक निरन्तर चलीरहने प्रकृया भएकोले गतीशिल समाजको अध्ययन अनुसन्धान गर्नु महत्वपूर्ण कार्य हो । कुनै पनि जाति समुदायको पेशाको अध्ययनबाट त्यस समुदायको बारेमा विभिन्न तथ्य पत्ता लाग्दछ । ती तथ्य पत्ता लगाउँन अनुसन्धान विना सम्भव हुँदैन । तसर्थ यो अध्ययन राङ्खानीका मगरहरुले विगत समयमा खानी खन्ने परम्पराको अध्ययन अनुसन्धानको विषय रहेको छ ।

बाग्लुङ जिल्लाको राङ्खानी गा.वि.स.वडा नं. ४ अध्ययन क्षेत्रका मगरहरुको विगतको समयमा खानी खन्ने परम्परागत पेशा भएको र त्यो परम्पराको लोप भईसकेकोले त्यसको कारण र असरहरु अध्ययन गर्न अध्ययनकर्ताको रुचि रहेकोले अध्ययनको निम्न औचित्य रहेको छ ।

१. यस राङ्खानीका मगरहरुको विगत समयमा खानी खन्ने परम्परागत पेशाबारे अध्ययनले राङ्खानीको मगर जनजातिको राम्ररी पहिचान हुनेछ ।

२. यस अध्ययनले बागलुङ राङ्खानीका मगरहरुको खानी खन्ने परम्परागत पेशाको बारेमा उनीहरुले प्रयोग गरेको ज्ञान सीप आदिबारे जानकारी प्राप्त हुनेछ ।

३. यस अध्ययनले राङ्खानीको मगरहरको खानी खन्ने परम्परागत पेशासँग सम्वद्ध उनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक तथा परम्परागत रुपमा रहेको ज्ञान, सीपको संरक्षण, सम्वर्द्धन र विकाशमा टेवा पुग्नेछ ।

४. राङ्खानीको मगरहरको खानी खन्ने परम्परागत पेशाबारे अध्ययनले मगर जनजातिको परम्परागत ज्ञानसीपको जानकारी हुनुको साथै नेपालको आदिवासी जनजातिको ज्ञानसीपबारे अध्ययन अनुसन्धान गर्न पनि केहि थप टेवा पुग्ने आशा गरिएको छ ।

यस शोधपत्रमा राङ्खानीका मगरुहरुको जीवनपद्धतिसँग जोडिएको खानी खन्ने परम्परा वर्तमान अवस्थामा आइपुग्दा कसरी परिवर्तन हुँदै आएका हुन् ? त्यो पक्ष बुझ्न भावी पुस्तालाई सजिलो पर्ने छ ।

## १.४ अध्ययनको औचित्य

मगरजाति नेपालको इतिहासमा कालान्तरदेखि नै राज्यको विविध पक्षमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको एक जनजाति हो । नेपालको प्राय जुनसुकै भागमा मगरहरुको बसोवास रहेको पाईन्छ । तथापी यस मगरहरुको बारेमा विविध पक्षहरुको विस्तृत अध्ययन अनुसन्धान भएको छैन । त्यसै गरी बाग्लुङ जिल्लामा पनि प्राय सबै भागमा बहुसंख्यक रुपमा मगरहरुको बसोवास रहेको छ । यस बाग्लुङ जिल्लाको मगरहरुको विविध पक्षमा विस्तृत अध्ययन अनुसन्धान हुन बाँकी नै छ ।

बाग्लुङ जिल्लाको सम्पूर्ण भागमा मगरहरुको बस्ती पाइन्छ । मगरको घना बस्ती भएको क्षेत्रमा पर्ने बाग्लुङ जिल्लाको मगरहरुको विषयमा कुनै प्रकारको अध्ययन अनुसन्धान र उनीहरुको समग्र विकाशको लागि कुनै सरकारी एवं गैरसरकारी तवरबाट कुनै ठोस कार्यक्रम सञ्चालन हुन सकेको छैन ।

नेपालका बहुसंख्यक मगरहरुमध्ये राङ्खानीका मगरहरुको खानी खन्ने परम्पराबारे अहिलेसम्म कोही कतैबाट खोज अनुसन्धान गरेको नपाइएकोले यसबारे अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।

जिल्लाका आधारमा भन्नुपर्दा मगरहरु बसोबास गर्ने जिल्ला पाल्पा, तनहु, बाग्लुङ, म्याग्दी, धनुषा, रोल्पा, दैलेख र स्याङ्जा आदि प्रमुख छन् भने अन्य जिल्लामा मगरहरुको बसोबास केही कम छ । साथै नेपालको प्रायः सबै जिल्लामा मगरहरुको बसोबास धेरै थोरै पाईन्छ । बाग्लुङ जिल्लाको ५९ वटा गा.वि.स. मध्ये राङ्खानी पनि एक हो । यस गा.वि.स.मा बहुसंख्यक रुपमा मगरहरुको बसोवास रहेको छ भने अन्य जातिहरु बाहुन, क्षेत्री, गुरुङ, कामी, दमाई, सार्की आदि रहेका छन् । बाग्लुङ जिल्लामा पर्ने राङ्खानीका मगरहरु र खानी खन्ने परम्परा बीचको अध्ययनले यस ठाउँका मगरहरुको खानी खन्ने काममा महिला पुरुषको के कस्तो संलग्नता रहेको थियो, भन्ने जस्ता प्रश्नहरको उत्तर खोजिएको छ ।

यहाँका मगरहरु विगतकालमा खानी खन्ने परम्परासँगसँगै बसाई सर्दै आएका हुन् । त्यसैले खानी खन्ने परम्पराबारे यहाँका मगरहरुले खानी खन्नको लागि शीप, ज्ञान,

प्रविधि, खानीबाट निकालिएका धातुको प्रयोजन ब्यवस्था आदिबारे कुनै जानकारी नभएकोले अध्ययन अनुसन्धान गर्न आवश्यक छ ।

मगर आदिवासी जनजातिहरुको खानी खनेर धातु निकाल्ने परम्पराको बारेमा खानी कसरी खन्ने र कुन ठाउँमा धातु छ र कसरी निकाल्ने भन्नेबारे उनीहरुले प्रयोग गरेको ज्ञान सीपबारे जानकारी गराउँन यस शोधप्रस्ताव केन्द्रित रहेको छ ।

यसरी खानी खन्ने काममा विभिन्न समस्याहरु झेलिरहेका यहाँका मगरपुर्खाहरुका समस्यालाई राष्ट्रसामु जानकारी गराउने उद्देश्यले बाग्लुङ जिल्लाको राङ्खानी गा.वि.स.वार्ड नं. ४ का मगरपुर्खाहरुको खानी खन्ने परम्पराको अध्ययन गरिएको छ ।

(१) यहाँका मगरजातिको मुल्य, मान्यता संस्कृतिको विशेषतामा प्रकाश पार्ने प्रयास गरिएको छ ।

२) यस अध्ययनबाट यहाँका मगरहरुको सिमित मात्रामा भएपनि खानी खन्ने परम्परालाई अत्यन्त संवेदनशील भई अध्ययन गर्ने प्रयास गरिएको छ ।

# परिच्छेद - दुई

## २.१ सन्दर्भ साहित्यको समिक्षा

नेपाल विश्व समक्ष भाषा संस्कृति तथा जनजातिमा अत्यन्त धनी राष्ट्र मानिन्छ । त्यसैले नेपालको विभिन्न स्थानमा बसोबास गर्ने जनजाति तथा अन्य जातिको बारेमा उनीहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक पक्षमा स्वदेशी तथा विदेशी विद्वानहरुले अध्ययन गरेको पाईन्छ ।

नेपालको भौगोलिक विविधता र सांस्कृतिक विविधताले गर्दा समाजशास्त्रीय एवं मानवशास्त्रीको लागि आकर्षणको केन्द्र स्थल बनेको छ । २००७ साल भन्दा अगाडि देशमा प्रजातन्त्र नभएका कारण र विदेशी विद्वानलाई नेपालमा जनजातिको बारेमा अध्ययन गर्ने अनुमति नदिएका कारण त्यति अध्ययन तथा अनुसन्धान भएको पाईंदैन । तर यस्ता अनुमती र स्वीकृति नपाए पनि कतिपय ब्यापारी, धर्म प्रचारक, यात्री, ब्रिटिश शैनिक तथा निजामती सेवाका कर्मचारीहरुको आफ्नो विभिन्न प्रकारका रचना, लेख एवं विभिन्न पुस्तकहरु प्रकाशित गरेको पाईन्छ । सन् २००७ साल पछि प्रजातन्त्रको उदय पश्चात विदेशी विद्वानहरुले यहाँका जनजातिबारे अध्ययन अनुसन्धान गर्न थाले ।

जुनसुकै विषयवस्तुको अध्ययन अनुसन्धान गर्दा त्यस ठाउँको बारेमा के कति, को बाट, कहिले र कुन विषयको अध्ययन अनुसन्धान भएको छ, सो को बारेमा अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ । यसै सन्दर्भमा नेपालमा खानी सम्बन्धि स्वदेशी तथा विदेशी समाजशास्त्री/मानवशास्त्रीहरुले अध्ययन अनुसन्धान गरेको पाईन्छ । यिनै विज्ञहरुले विभिन्न समयमा खानीबारे गरिएको अध्ययन अनुसन्धानलाई यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

राङ्खानी वडा नं.४ का मगर र तीनको खानी खन्ने पेशाका बारेमा केन्द्रित भएको शोधपत्र र अनुसन्धानमा यथेष्ठ लेखोटहरुको अभाव भएता पनि समग्रमा मगर जातिको बारेमा र खानीबारे केही पुस्तकहरु प्रकाशन भएका छन् । ती मध्ये केही सान्दर्भिक पुस्तकहरु र प्रकाशनहरुको यहाँ समिक्षा गरिएको छ ।

***गुरुङ ओम प्रसाद (1997: Vol 2)*** को Early mining practices शिर्षकमा राणाकाल सम्म (1846 को शुरुमा) नेपालको पश्चिमी पहाडी क्षेत्र खास गरी बाग्लुङ जिल्ला तामा, फलाम, र सिसा २२ खानीको लागि प्रसिद्ध थियो र बाग्लुङ बजार धातुहरुको जम्मा गर्ने र विकि वितरण गर्ने केन्द्र थियो । यस क्षेत्रमा अझैसम्म धेरै

गाउँहरुको नामको पछाडी खानी जोडिएको छ । जस्तैः राङ्गखानी, लेखानी, कादेसखानी, रुपाखानी, भुङखानी, दरमखानी, सिसाखानी, पाण्डवखानी र भुस्काटखानी । यी गाउँहरुमा अझैसम्म खानीको धेरै खाडलहरु देख्न सकिन्छ । तिनीहरु कयौं सय मीटर लामा छन् । यी खानीहरुको वरिपरि छेउछाउमा तामा, फलाम र सिसाको धातुकित जतातत्तै छरिएर रहेको पनि फेला पार्न सकिन्छ । (Mandala Book Point, पृष्ठ २७३-२७४) यो कुरा सही हो । तर आजभोलि धातुकित भने देख्न सकिदैन सुरुङ्ग मात्र देख्न सकिन्छ ।

***Regmi, Mahesh Chandra (1768-1846)*** का अनुसार देशको विभिन्न भागहरुमा तामा, फलाम ,सिसा र कोइला खानीहरु पाईन्छन् । विशेष गरी नेपालको बाग्लुङ जिल्ला र पश्चिम पहाडी क्षेत्रमा रहेका यस्ता खानीहरुबाट परम्परागत रुपमा निम्न लिखित खनिजपदार्थहरुको निर्यातबाट राम्रो आय आर्जन गरिने गरेको बुझिन्छ । यहाँ खानी सम्बन्धि लेखिएका कुरा त ठीक छ । तर राङ्गखानीका खानी खन्ने  मगरपुर्खाहरु आर्थिक सम्पन्न भएनन् । किनभने प्रत्यक्ष सरकारी नियन्तरण थियो ।

***किर्कप्याट्रिक (Kirkpatrick)*** का अनुसार कुनैबेला तामाखानीबाट बार्षिक रु. ३,००,००० देखि रु. ४,००,००० लाख सम्मको निकासी (आम्दानी) हुने गर्दथ्यो । तर स्थानीय रुपमा देशभित्र निम्न तंकण गर्दा बढेको स्थानीय उपयोगको कारणले निकासी गरिने तामाको मात्रा घट्न पुग्यो । परिणामतः तामाखानीहरु निकासीबाट आउने आयवृद्धिका लागि भन्दा पनि स्थानीय आवश्यकतालाई पूरा गर्ने उद्देश्यले बढी तामा उत्पादन गर्न खनिन थालियो  । १७९३ सालमा आइपुग्दा तामाखानीबाट हुने आम्दानी घटेर रु. ८०,००० देखि १,००,००० को हाराहारीमा आइपुगेको थियो । १८०३ सम्ममा त सरकारले तामा र सिसा जस्ता धातु (पदार्थ) को उत्पादन र आपुर्तिमा एकाधिकार गर्नुका साथै निर्यातमा बन्देज लगाई सकेको थियो । (किर्क प्याट्रिक, रेग्मीद्वारा उधृत गरिएको । पृष्ठ ६८)

***नरु थापा, मगर (२०६७)*** ले लेखेको किरात मगर इतिहास पुस्तकको पृष्ठ ६४ मा मगर र खानी शीर्षकमा मगरहरुको खानी खन्ने परम्परा बारे चर्चा छ । उनले यस लेखमा मगर र खानीलाई एक अर्काका पर्यायवाची शब्दको रुपमा लिएका छन् । उनका अनुसार सबैभन्दा पहिले खानी खनेर धातुको आविष्कार गरी सरकारलाई धातु करको रुपमा तिर्ने मगरहरु नै हुन् । मगरहरु आफैनै कुन धातु र कति धातु छ भन्ने कुरा माटो र पहरा सुँघेर पत्ता लगाउँथे । यस्तो धातु पत्ता लगाउने कार्यलाई आग्री भन्थे । आग्री भनेको अर्थ खानीको विशेषज्ञ हो । अथवा खनिज धातु वा भूगर्भवेत्ता वा वैज्ञानिक हो । अरु जात

कसैले आग्री मगर भन्दा रिसाउने मगरहरुलाई आग्रीको अर्थ बुझेर नरिसाउन समेत लेखक थापाले सल्लाह दिएका छन् ।

थापाले मगर र खानीबारे लेखेको भए पनि राङ्गखानीका मगरहरु र खानी खन्ने परम्पराको अध्ययन अनुसन्धान गरेका छैनन् ।

***Gunner Haaland, Randi Haaland, and Suman Rijal* ले *Case study*** मा फलामको सामाजिक जीवनबारे अध्ययन अनुसन्धान गरेको पाइयो । जस्मा फलामको आविष्कारले मानव जीवनमा विनास र कान्ति ल्याएको पाईन्छ । यसको उत्पत्ति समयमा खानी खन्ने प्रकृया र यसबाट विस्तारै धारिलो औजारको आविष्कार र त्यसको विशेष प्रयोग हुन थाल्यो । जस्तैः भाला, बन्चरो, तरबार, चक्कु आदि । फलामले के कति हानी गर्‍यो त्यो प्राय सबै मानव विकास इतिहासमा ब्याख्या भएको पाइन्छ । फलामको कुरा गर्दा प्राय यसको प्रयोग पुरुषले गर्ने गर्दछन् । जसमा शक्ति, बलको ब्याख्या हुन्छ । फलामले कतै प्रकोप पनि ल्याउने गर्दछ । यसर्थ फलाम उत्पत्तिले महिला र पुरुषमा साधारणतया भिन्नताको कुरा पनि अघि ल्याउँदछ । साथै नयाँ प्रयोग र तौर तरिकाको ज्ञान दिन्छ । फलामको खानी प्राय विभिन्न स्थानमा पाईन्छ । फलामको काम गर्ने ब्यक्ति विशेष गरी त्यसै स्थानमा रहने स्थानीयबासीहरुलाई बढी जानकारी हुन्छ र पनि विभिन्न स्थानमा बसाइ सराइ गरी जाने ब्यक्तिहरुले विस्तारै फलामको कामलाई प्रयोगमा ल्याएको पाईन्छ । फलामको काम र यसको प्रयोग के कसरी हुन्छ भन्ने जानकारीका लागि हामीले फलाम उत्पादन प्रकृया हेर्न र जान्न जरुरी हुन्छ । फलामलाई पहिले त पगालिन्छ, त्यसपछि संस्थागत रुपमा यसलाई प्रयोग गरिन्छ र अन्ततः साङकेतिक स्वरुप र ढाँचाको प्रयोग गरिन्छ ।

यो भनाई सही छ, किनभने कृषिक्षेत्रमा प्रयोग गरिने औजार बनाउनको लागि फलामलाई पगालेर साङकेतिक स्वरुपको औजार तयार गरिन्छ ।

सबभन्दा पहिले खानीमा फलाम निरोध धातु छुट्याईन्छ । त्यसपछि यसलाई पगालिन्छ । विभिन्न जातिले यस प्रकृयामा आफ्नो प्रकृया प्रयोग गर्दछन् । पगालिएको धातुलाई अब आरनमा ल्याएर आवश्यक आकृति बनाईन्छ । यस्तो कार्य प्राय कमै मात्रामा देखिन्छ । त्यसपछि फलामको प्रयोग हुन्छ । आफूलाई चाहिएको आकृति र आफ्नै शैली र स्वरुपमा प्रयोग गरिन्छ । फलामको उत्पादनले साङ्केतिक रुपमा यसको वितरणमा समान स्तरले बैज्ञानिक ज्ञानको आवश्यकता प्रष्टाउँछ । किनकि विविध समाजमा फलामको प्रयोग र यसको उत्पादन शैली र प्रयोग खानीदेखि आरन लगायत बजारको प्रयोग पर्दछ ।

खानीबाट फलाम निकाल्ने विशेष रुपमा फलामे, लोहार, कामीहरुले आफ्नै नीति र योजनाको प्रयोग गर्दछन् ।

फलाम उत्पादनको विवरण (तयारी, आइरन र परिवर्तन प्रकृया वा आगोले पगाल्ने) मानव कि्रयाकलाप (खलाती फुकेर) बाह्य (डण्डी बनाइ) आदि प्रकृयाको प्रयोग गरी गर्ने गरिन्छ । दक्षिण सुडानको सबभन्दा बढी जनसंख्या भएका फर जाति जसले नीलो-साहारन भाषा प्रयोग गर्दछन् । सभान र जाबेल मरराको भिरालो स्थानहरुमा बसोबास गर्नेहरुबीच फलाम र यसको उत्पादनमा विविधता र प्रयोग भएको पाईन्छ । यिनीहरुको विकाशक्रम यहींबाट शुरु भयो । यी बस्तुहरु सुल्तान साम्राज्यको अधिनमा रहयो । तर, १९१६ मा सुल्तान आलिडिनारको ब्रिटिशहरुद्वारा हत्या भयो ।

डरफरमा फलाम पगाल्ने प्रकृया १९५० तिर शुरु गरियो । फलामको प्रयोग विस्तारै बढ्न थाल्यो । १९७२ मा Toumra मा फलाम पगाल्ने प्रकृया तिब्र भएको तथ्य पनि पाईन्छ ।

नेपाल बहुभाषिक, बहुजाति, बसोबासी देश हो । यहाँ आर्यन र मङ्गोलियन गरी दुई बहुभाषिक जातिको मुख्य बसोबास पाईन्छ । विविध जातिको बसोबास भएकोले विभिन्न परम्पराहरु पाईन्छन् । खास गरी मङ्गोल र खसजातिमा अनौठो किसिमको परम्पराहरु छन् । यी सबै जातिलाई पारस्परिक सम्बन्धभित्र राख्न १८५४ मा मुलुकी ऐन शुरु गरियो । यस ऐनले शुक्ष्म रुपमा सोझै हिन्दू धर्मको प्रभाव र यस अनुरुप ब्राहम्ण, क्षेत्री, मतवाली र पानी नचल्ने समूहमा विभाजित भएको पाइन्छ । आर्यन, खस समुहमा ब्राहम्ण, क्षेत्री र पानी नचल्ने जाति रहेका छन् भने अर्को समुहमा मतवाली पर्दछन् । प्राय सबैले यहाँ हिन्दू धर्म मान्ने गरेका छन् । त्यसैले यसको प्रभाव पनि त्यत्तिकै छ । थोरै मात्रामा यहाँ बौद्ध धर्मको प्रभाव साथै चलनचल्ती पनि कम मात्रामा रहेको छ । १९९७ र १९९८ मा पूर्वी अरुण उपत्यकाको लोहाकोत गाउँबाट उद्धृद गरिएको तथ्य र १९९५ मा सुदुर पश्चिमको जाजरकोट गाउँमा गरिएको अध्ययन पनि पर्दछ । यी दुई स्थानमा फलामको प्रयोग र यसको लागि प्रयोग हुने फलौचा खलातीमा भएको सामान्य फरक र भिन्नताको बारेमा चर्चा गर्नेछौं ।

एकताका फलाम उत्पादन र यस सम्बन्धिको काम अति प्रख्यात पेशा बनेको थियो । लोहाकोट गाउँमा अहिले पनि दुईवटा फलाम खानीहरु छन् । यस्ता फलाम खानीहरु जिल्लाभरीमा जम्मा १२ वटा छन् । यो क्षेत्रमा करिव २० खलातीहरु थिए । ५० वर्ष

भन्दा अघिबाट यस क्षेत्रमा फलाम निकाल्ने काम भएको पाईन्छ । जसोतसो, त्यहाँ दुई भाइ लोहारहरु छन् । जो सानैदेखि फलाम निकाल्ने काम गर्दछन् । आजकल भने फलाम निकाल्ने काम गर्दैनन् तर पनि फलाम सम्बन्धि काम गर्दछन् । यसका लागि धातुका टुक्राहरु प्रयोग गरिन्छ । जो भारतबाट ल्याईन्छ ।

यस क्षेत्रमा धेरै फलाम खानीहरु छन् । हरेक खानीमा दर्जनौं ३५ मी. गहिरो तेर्सो सुरुङ्गहरु छन् । ठाडो सुरुङ्ग करिव १ किलो मी. लामो सम्मको पाइन्छन् । खानी भित्र लोहारहरु छिनो र घन प्रयोग गरी कच्चा धातु निकाल्छन् । १ दिनमा करिव ३५० कि.मी. सम्म कच्चा धातु निकाल्न सकिन्छ । धातु कडा हनाले करिव ४ व्यक्तिलाई करिव ३ दिन जतिको मेहनत गरे पछि ३५० किलो फलाम जम्मा गर्न सक्छन् । जम्मा गरिएको धातुलाई गाउँमा ल्याएपछि स-साना टुक्रा बनाइ पगालिन्छ । जाजरकोटमा धातु निकालेर साधारण कुटोले मात्र छुट्याईन्छ । लोहाकोटमा भन्दा जाजरकोटमा कम लोहारहरु भएकोले नै यस्तो भिन्नता भएको हुन सक्छ । यहाँका सुरुङ्गहरु साह्रै गहिरा हुन्छन् ।

कोइला बनाउन कडा रुख जस्तै गुराँसको रुख वा सालको रुख वा सल्ला प्रयोग गरिन्छ । कोइला प्राय राम्रो किसिमको प्रयोग गरिन्छ । कोइला बनाउन दुई तरिकाहरु अपनाइन्छ । पहिलो स्तरकालाई करिव ११ दिन सम्म सुस्त जलन प्रकृया अपनाइन्छ त दोस्रो स्तरको लागि छिटो जलन प्रकिृया अपनाइन्छ । पहिलो स्तरका कोइला बनाउन ११ दिनमा १ वटा बनाइन्छ भने दोस्रो स्तरको लागि १ दिनमा १ वटा खलाती माटोको बनाइन्छ । पहिलो खाल्डो ९० से.मी. चाक्लो र ९० से.मी. गहिरो जमिनमा बनाइन्छ । भुइँ सुरुङ्ग करिव १२० से.मी. जसको छेउमा खाल्डो बराबरको ढुङ्गो वा छपनी राखिन्छ । खलाती रातो माटो पराल र पानीबाट बनाइन्छ । खलातीको उचाइ करिव १२० से.मी. र परिधि करिव १०० से. मी. बाट साँगुरिदै टुप्पोमा पुर्‍इएको हुन्छ । खलातीको भित्ता करिव १०-१२ से.मी. मोटो हुन्छ । एउटा खलाती बनाउन करिव ३ देखि ४ दिन लाग्छ । खलातीका भित्ताहरु १ दिनमा १ फिट भन्दा बढी बनाएमा ढल्ने र विग्रिने गर्दछ । त्यसैले हरेक दिन १ फिटको काम पछि पिंधमा आगो बालेर सुकाइन्छ । खलाती बनाइ सकेपछि करिव ३ घन्टा आगोमा सुकाए पछि ३ दिनको लागि घाममा सुकाउन छोडिन्छ । खलातीको पिंडमा २ वटा प्वाल बनाइन्छ जो खलाती नलीको काम गर्छ । खलाती नलीको लागि लोहाकोटमा बाँस प्रयोग गरिन्छ । तर जाजरकोटमा खलाती बनाउदा गरिएको माटो नै खलाती नलीको रुपमा प्रयोग गरिन्छ । ती नलीहरु काठको आकारमा बनाइन्छ । त्यसपछि खलातीलाई आगोमा राखिन्छ र बेला बेलामा मासु पोले जस्तै गरी सेकिन्छ । त्यस पछि खलातीलाई धोकतीमा राखिन्छ ।

त्यसपछि खलातीलाई कोइला र धातुले माथिबाट भरिन्छ । करिव धोकतीलाई १० मिनेट जति चलाए पछि माथिबाट आगो बालिन्छ । कोइलाले आगो टिपे पछि अरु २ मानिसहरुले धोकतीमा लगातार काम गर्नुपर्छ र अर्को मानिसले लगातार धातु र कोइलाको मात्रा जाँच गर्नुपर्छ । प्रायजसो करिव १५-२० मिनेटको फरकमा धातु र कोइला थप्ने काम गरिन्छ । खलातीबाट धातु मैला विस्तारै निस्केर बग्दै माटोका खालहरुबाट बाहिर जान्छ । करिव ११ घण्टा पछि पगाल्ने प्रकृया समाप्त हुन्छ । २५ किलो फलामको लागि करिव ३५० किलो कच्चा धातु र २०० किलो कोइला प्रयोग हुन्छ । जब आरनमा धातुलाई तताइन्छ त्यसबाट करिव ५ किलो चर्बि धातु मैला र कोइला नरम धातुबाट छुट्याइन्छ । जाजरकोट र लोहाकोटमा फलाम पगाल्ने क्रममा भिन्नता प्राय कमै छन् । तर पनि खलाती नलीमा फरक प्रयोग गरेको पाइन्छ । माटोको खलाती नली र बाँसको खलाती नली बाँसको नलीहरु पगाल्ने क्रममा आफै विस्तारै हराउदछन् ।

नेपालमा फलाम पगाल्ने वा यस सम्बन्धि कार्य थालनी गर्दा बली चढाउने कार्य नकारात्मक भने पक्कै हो । फलाम पगाल्ने क्रममा विभिन्न स्थानमा बली दिइन्छ । पहिलो दिन बनदेवी र खानी देवतालाई १ भाले र १ पोथी काटेर बली चढाइन्छ । यी भाले पोथी चोखो हुनुपर्छ । पोथी खानी देवतालाई र भाले बनदेवीलाई चढाइन्छ । यी भाले पोथीको रगत जम्मा गरी भोलि पल्ट चढाउनको लागि राखिन्छ । अर्को बली खलाती देवीलाई एउटा भाले काटिन्छ । यसको लागि पनि भाले चोखो हुनुपर्दछ । तस्रो भोग आरनको लागि रगत छर्केर गरिन्छ । यस्ता कार्य प्राय सबै बलीमा भएको पाईन्छ । फलाम पगाल्न बुधबारको दिन शुभ मानिन्छ । साथै बनदेवी र खानीदेवतालाई पूजा गर्दा घाम अस्ताइ सकेको हुनुपर्ने धारणा पनि प्रचलित छ । लोहारहरु बुधबारको बेलुकी पख भएको पूजालाई राम्रो मान्दछन् र खलातीको लागि अर्को विहान (जब पगाल्ने काम शुरु हुन्छ ) करिव ४:३० बजे जहाँ घाम उदाएको हुँदैन । भोग कहाँ र कसरी दिने भन्ने कुराको नियम हुन्छ । बनदेवीलाई जङ्गलमा त खलातीलाई खानीको मुखमा वा अगाडि भाले पोथी बली दिएर साथै खलाती र काम गर्ने औजार र आरनमा रगत छर्केर पूजा गरिन्छ ।

प्राण हत्या गरी छर्कनु नै जीवन स्थानान्तरण गर्नु हो । लोहाकोटको लोहारहरु मन्त्र पनि पढ्छन् । “हे भगवान/देवी तपाईं शिकारी तपाईं रगत माग्नुहुन्छ, यदि म तपाईंलाई यो रगत चढाएपछि तपाईं मलाई माफ गर्नुहुन्छ । मलाई बक्सनुहुन्छ ।” रगत चढाएपछि कामदारहरु घाइते वा कुनै अप्रिय घटना हुँदैन भन्ने विश्वास यी सबैमा हुन्छ । उक्त रगतले मानव मृत्यु वा अप्रिय घटना हुनबाट जोगाउँछ । यो प्रकृया लोहारहरुमा मात्र नभई प्राय सबै नेपालीहरुमा प्रभावित छ । कुनै घरमा नयाँ गाडी ल्याएको खण्डमा पनि

भोग दिने प्रचलन छ । विश्वकर्मा भगवानको पूजा पनि कुनै प्राणीको भोग चढाएर गरिन्छ । यसो नगरेमा गाडीले रगत माग्छ र दुर्घटना हुन्छ । साथै मानव जीवन नाश गर्छ भन्ने विश्वास छ । भोग दिएपछि गाडी सन्तुष्ट हुन्छ भन्ने गर्दछन् । भोग दिएपछि प्राणीको मुख्य भाग/अङ्गहरु जस्तै मुटु, कलेजो पूजाकर्ताले नै खाने गर्दछन् । विश्वास यो गरिन्छ कि भोग र भोगीबीचको साङ्केतिक सञ्चार यिनीहरुले नै बुझ्ने गर्दछन् । भोग गर्दा अरु अन्नको पनि प्रयोग हुन्छ । जस्तै कोदो, चामल, रातो तिलक, पानी र भोग गरिएको प्राणीको टाउको । भोग गर्नु भन्दा पहिले अन्न, पानी, अविर, तिलक आदि प्राणीको टाउकोमा राखी भाले वा पोथी पर्छिन्छ र मानिन्छ, काट्नको लागि तयार भयो या देवी देवता राजी भए भन्ने बुझिन्छ । प्राणी काटेपछि देवी देवता रगत खाई खुशी भएको तथा पुजारीले मुख्य अङ्ग खाने र अरुले बाँकी अङ्ग प्रसादको रुपमा ग्रहण गर्ने प्रचलन पनि जिवितै छ । भोग गरेपछि रगत छर्कनु स्वच्छताको संकेत मानिन्छ । भोग गर्ने चलन त्यसैले फलाम खानी र फलामको काम गर्ने ब्यक्तिहरुलाई महत्व दिइन्छ । जनावर र प्राणीको रगत चढाएपछि राम्रोसँग फलाम पगाल्न सकिने विश्वास पनि राख्दछन् । यहाँ प्राय भालेपोथी, खसीबोका वा राँगा आदि भोग दिनेमा प्रयोग गरिन्छ । साथै पूजा स्थानमा स्त्री जातिको प्रबेश निषेध गरिएको हुन्छ । स्त्री प्रबेश भएमा देवी देवता रिसाइ विनाश ल्याउँछन् भन्ने विश्वासलाई नकार्न सकिन्न ।

धातु, कला र कौशलको महानता र महत्वताको चर्चा सर्वविदित छ र पनि यी कला कौशलमा लागेका ब्यक्तिहरु तल्लो वर्गमा विभाजित छन् । डरफरको ब्यक्तिहरु सुडानमा त नेपालमा पानी नचल्ने जातिहरु । नेपालमा जजमानी प्रणालीको आधारमा परम्परागत, पेशागत वर्गिकरण गरिएको थियो । धनी, उच्चपदस्त, ब्राहम्ण आदिको आफ्नो स्वार्थ पुर्ति गर्न वा अरुलाई कज्याउन उच्च स्थानमा बास गरे र जजमानी प्रणालीद्वारा पेशागत वर्गिकरण भयो । नेपालमा फलामको काम गर्ने जातलाई कामी जात र पानी नचल्ने वर्गमा विभाजित गरियो । उच्च जातले पानी नचल्ने जातले पानीमा पकाएको खानेकुरा स्वीकार्य गर्न नमिल्ने चलन बस्न गयो । पानी नचल्ने जातमा कामी लगायतका विभिन्न तल्लो जातमा ज्यामी, कुचीकार समुहमा बाँडियो । कामीजात उच्च जातको घरमा पस्न नहुने तर पनि सामाजिक संरचनामा यो जातको भूमिका उच्च रहेको छ । उनीहरु उच्च जातलाई फलामको भाँडा औजार आदि प्रदान गर्ने र खानाको पद पूर्ति गर्ने काम भयो । अहिलेको स्थितिमा यस्तो प्रकृया न्युन बनीसकेको छ ।

फलाम खानीमा काम गर्ने प्राय पुरुष भएपछि महिलाको सहभागिता पनि केही मात्रामा भएको पाइन्छ । खलाती लिपलाप तथा धातु ओसारपसार गर्ने कामहरु महिलाहरुद्वारा भएको यी स्थानहरुमा पाईन्छ ।

नेपालका फलाम कर्मीहरु र सुडानका फरहरु फलाम सम्बन्धि काम गरी तल्लो जातमा वर्ग विभाजित भए पनि उनीहरुको समाजमा उच्च स्थान रहनु जरुरी छ ।

यहाँ लेखिएका भनाइहरु पनि खानीबाट निकालिएका धातुलाई प्रशोधन गरी आवश्यकिय सामाग्री बनाउँने मानिसहरुसँग मेल खाएको छ । किनभने तामा, फलामको सामाग्री बनाउँने मानिसलाई तल्लो जातको रुपमा नामाकरण गरेको पाईन्छ ।

***खेमराज शर्मा (प्यूठान जिल्ला हंसपुर गा.वि.स.का मगर जातिको सांस्कृतिक तथा सामाजिक पक्षको एक समाजशास्त्रीय अध्ययन–२०६५,पृष्ठ १०) बराल मगर (२०५०)*** का अनुसार नेपालका मगरहरु पाँच समुहबाट नेपाल प्रवेश गरेका थिए । जसमा पहिलो समुह पश्चिम भेगबाट मनाङ्गवाका सन्तानहरु नै सर्वप्रथम २३०० ई.पु. तिर प्रवेश गरेका थिए । त्यस्तै दोस्रो समुह आसामबाट र पाँचौ समुह दक्षिण भेगबाट नेपालमा प्रवेश गरेका हुन् भन्ने भनाई छ । मगर जातिको उत्पत्ति चीनको ‘सीम’ भन्ने स्थानबाट भएको र यिनीहरुलाई स्थानीय बासिन्दाहरुले ‘तानसाङ थापा’ भन्थे किनभने तानसाको अर्थ उत्तर र आङ को अर्थ मा भन्ने हुन्छ । यसरी उत्तरबाट आएका मगरहरुको मुल बासस्थान उच्च हिमाली भाग हुनुपर्ने हो । यसरी उनले विभिन्न विद्वानहरुको भनाइ र किम्बदन्तीहरुलाई आधार मानेर तार्किक रुपले पुष्टि गर्ने प्रयास गरेका छन् ।

***बम कुमारी बुढा मगर (२०६५,जोरा स्याई र घाँटु नाचको सम्बन्ध–पृष्ठ २१)*** मा मगर समाजमा मृतक कलाकार पुरषलाई विप्या (उल्टो) बाजा बजाउँदै उल्टो नाच प्रस्तुत गर्दै चिहानतर्फ लैजान्छन् भने, महिला कलाकार जोराल्नीहरुलाई मङ्ल्यानी भाका अथवा नुल्न्या भाका (शोक) गाउँदै नाच्दै चिहानतर्फ पुर्‍याउने चलन छ । जङबाङ चिहानधारा नामका पाखा वनमा गाड्ने जलाउने, चलन अझै छ भने बाइसी राज्यको केन्द्र बनाइएको कालान्तरमा प्राचीन १८ मगरातमा विस्तारै खोला वा नदी, अर्को शब्दमा घाट लैजाने परम्परा थालनी भयो । घाटसम्म शोकाकुल कलाकारहरु नाच्ने र गीत र नाचमा प्यारी साथीको वियोगमा विप्या (उल्टो) बाजा बजाउँदै घाटसम्म पुर्‍याउने चलन चलेपछि ‘घाट’ बाट ‘घाँटु’ भनिएको हो ।

घाँटु नाचमा कलाकारहरु काँप्ने नि गर्दछन् । उहिले रीन्दु रमा (झाँक्री) को गेल वा बराङ उच्चारण मनमनै गरेर नाच्ने बखतमा काँपो छुट्ने संस्कृति पहिलेदेखि थियो । त्यसकै मनोवैज्ञानिक असरको कारण सिङारु, मारुनी, पुरुसुङया नाचमा पनि कलाकारहरु काँप्ने गर्दछन् । घाँटु नाच खास बाग्लुङ जिल्लामा मगर मल्ल ठकुरीहरुले शासन शुरु

गर्दा बखत साविक मगर परम्परामा वनमा मृत्यु संस्कार सम्पन्न गराउने छोड्दै खोला वा घाटमा लैजाने चलन चलेपछि मृतक जोराल्नी कलाकारको सम्झनामा शोकभाका गाउँदै, बाटोमा खुट्टा लर्बराएर आँखाको भाव चुपचाप मुद्रामा नाँच्दै राखिने नाँच जोरा अथवा दाम्फ्या मोञ्जर नाँच नै "घाँटु" नामले चिनाइएको हो ।

*डोरबहादुर विष्टले (२०५८)* आफ्नो पुस्तक ***"सबै जातको फूलबारी"*** मा सबै जातिहरुको विस्तृत जानकारी नदिई सामान्य रुपमा परिचय दिन खोज्नुभएको छ । यस पुस्तकमा मगर जातिको पनि सामान्य परिचय मात्र दिनुभएको छ । उहाँले मगर र ठकुरी क्षेत्रीहरुलाई एउटै दाजुभाइ हुन् भन्ने विश्वास गर्नुभएको छ । आफ्नो उन्नती गर्न सफल मगरहरुले निर्धक्कसँग खसहरुले जस्तै आफूलाई ठकुरी र क्षेत्री बनाएका थिए भन्ने विश्वास मगरहरुमा अझै छ ।

मगरहरुको बारेमा अध्ययन गरिएको पहिलो वैज्ञानिक डा. केशरजङ्ग बराल मगरले "पाल्पा,स्याङ्जा, तनहुमा मगरको संस्कृति" (वि.स.२०५०) हो । यसमा राप्ती र धवलागीरीमा मगरहरको उत्पत्ति र बसाइसराइ, इतिहास, भाषा र संस्कृतिको चर्चा गरिएको छ ।

*डा. हर्कबहादुर बूढाको **"किराँत वंश र मगरहरु"**(वि.सं.२०४९)* मा वराह र अरु मगरात प्रदेशमा मगर राज्यहरुको बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा प्रमुख किराँत र मगरहरुको बीचको सम्बन्ध पहिल्याउनु हो । साथै यस पुस्तकमा बुढाले मगरहरुको राजनीति र सेनामा सहभागीता, जात उपजातको चर्चा गरेका छन् ।

***एम एस थापा मगरको प्राचीन मगर र अक्खा लिपि*** *(वि.सं.२०४९)* पुस्तकमा मगरको असली स्थल, धर्म बुद्ध र लिच्छवीकालको सन्दर्भमा चर्चा गरिएको छ । यस पुस्तकमा थापाले मगरहरु बौद्धमार्गी भएको र उनीहरुको लिपि अक्खा भएको चर्चा गरेका छन् ।

*लोक बहादुर थापा मगर, छापामा जनजाति, २०५८ पेज नं. ४३९,* नेपाल जस्तो बहुजातिय मुलुकमा बसोबास गर्ने मगरजातिको सांस्कृतिक परम्परा र विशेषता पनि आफ्नै प्रकारको रहेको पाइन्छ । कुल देवता, सिमेभूमे, रुख, ढुङ्गा पुज्ने धामीझाँक्रीमा विश्वास गर्ने, भीर तथा पहाडमा देवीदेवताहरु स्थापना गर्ने, ती स्थानहरुमा कुखुरा, सुँगुर, परेवा,

बाखाको पाठो, भेडा आदि बली दिने मगर जातिको धार्मिक विश्वास रहेको देखिन्छ । मगर बस्तीलाई पायक पर्ने गरी विभिन्न स्थानहरुमा मनकामना देवीको स्थापना जस्तै बराह देवताको स्थापना, थुप्रै स्थानहरुमा स्थापना गर्नु मगर जातिको विशेषता रहँदै आएको छ । बाजे बजै, मण्डली, झाँक्री, मयरभाइ, वाइ, कलिका, साइकुमारी, भैरव, भूतप्रेत, दैनीबोक्सी, मसान, बनसखण्डी आदि देउदेवताहरु मगर जातिले पुजने गर्दछन् । खानपान र माछा मासुमा समेत केही विविधता पाईन्छ । पाल्पाली मगरहरु भैंसी तथा राँगाको मासु खान्छन् भने स्याङ्जा तनहुका मगरहरु खाँदैनन् । रोल्पातिरका मगरहरु गाईको मासु खान्छन् भने पाल्पातिरका मगरहरु खाँदैनन् । म्याग्दी क्षेत्रमा बसोबास गर्ने केही पुन मगरहरु सुँगुरको मासु खाँदैनन् भने अन्य क्षेत्रका मगरहरुका निम्ति सुँगुरको मासु असल र सत्कार्य मानिनछ । चितौरे राना मगरहरु बाखाको मासु खान हुँदैन भन्ने विश्वास रहेको पाईन्छ । मगर जाति हाँसखेल, ठट्यौली र मनोरञ्जनप्रिय हुनाले नाचगानमा बढी रुची राख्दछन् । यिनीहरुका बढी लोकप्रिय नाचगानहरु कौडा, घाँटु, झाम्रे, सोरठी, रोधी, समय समयमा लाग्ने ठूला ठूला मेलाहरु आदि पर्दछन् । तर मगरात प्रदेशममा प्रचलित मगर जातिका मौलिक संस्कृतिहरु क्रमश लोप हुन थाली रहेका छन् । आधुनिकताको नाममा विकृत पुँजीबादी संस्कृतिले युवा वर्गलाई नराम्रोसँग प्रभाव पार्दै लगेको छ । यसैको प्रतिफल, नाचगान, लोकनृत्य, भेषभुषा, भाषा, लवाइखुवाइ आदिमा परिवर्तन आइरहेको छ । यसबाट मगरसमाज प्रगती भन्दा विकृति र उन्नती भन्दा अवनतीतर्फ अघि बढीरहेको छ ।

***सिताराम तामाङको "नेपालमा जनजाति समस्या" भन्ने पुस्तकमा*** नेपालको जनजाति पिछडिनुको कारण र यही जनजाति भित्र पर्ने मगर समुदाय पिछडिनुको केही कारणहरु उल्लेख गरेका छन् । साथै मगर जातिको सामाजिक समस्याको सामान्य चर्चा गर्नुभएको छ । (श्रीपाल्मु, तामाङ, २०४४) त्यस्तै दाहालज्यूको जाति भाषा र लिपि भाग १ मा पनि नेपाली जाति संस्कृतिलाई उल्लेख गरिएको छ । यसमा मगरहरुलाई शिवजीको गणका रुपमा चित्रित गरिएको छ । त्यस्तै खत्री र दाहाल "नेपालको संस्कृति र सभ्यता" पुस्तकमा पनि नेपालका जातिगत बस्तुस्थितिको निकै उल्लेखनीय चित्रण गर्नुभएको छ । मगरहरु सम्बन्धि चर्चा गर्दा, शर्माको हाम्रो समाज एक अध्ययनलाई नै आधार बनाएर वर्णन गर्नुभएको छ । यसमा मगरहरुको उत्पत्ति, संस्कार, मृत्युसंस्कार, खानपिन, भेषभुषा, चाडपर्व, धर्म एवं पेशाको बारेमा चर्चा गरिएको छ । (खत्री र दाहाल–२०४४) यसरी नै कार्कीको सांस्कृतिक पर्यटनमा नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने जनजातिमध्ये मगर पनि एक हो भनी उल्लेख गर्नुभएको छ । जसमा उनीहरु भाषा धर्म, ठकुरी क्षेत्रीसँग मिल्ने, बसोबास, पहिरन, विवाहवारी, दानधर्म, जुठो, सुतक बार्ने आदि

उल्लेख गर्नुको साथै धेरै जसो विदेशी सेनामा भर्ती हुने कुरा छोटो रुपमा चर्चा गर्नुभएको छ । (कार्की–२०५६) ।

***लोकबहादुर थापा मगरले*** आफ्नो पुस्तक मगराती साहित्यकार आदिकवि सिंजाली र थापा मगर भाषा र साहित्यको बारेमा उल्लेख गर्नुभएको छ । यस पुस्तकमा जनजातिको भाषाको स्थिति र मगरभाषा पिछडिनुको कारण उल्लेख गर्नुभएको छ । साथै साहित्यको शुरुवात कसरी भयो र प्रथम साहित्यकार सिंजाली तथा थापा नै हुन् भनी उल्लेख गर्नुभएको छ । सोम राना मगर "पाटली सेहेच रोहिछयौट" (मगरको कर्मकाण्ड भन्ने पुस्तकमा लेखेकाले संस्कारहरु बारेमा र संस्कारहरु गर्दा दिनहरु हेर्ने, कुन समय कुन मन्त्र पढ्ने साइत हेर्ने, कस्तो समयमा कुन कार्य गर्ने आदिको बारेमा राम्ररी उल्लेख गरिएको छ । (मगर काण्ड–२०५३)

# परिच्छेद-तीन

## ३.१ अध्ययन विधि

प्रस्तुत शोधपत्र अध्ययनका लागि राङ्खानी ४ मा बसोबास गर्ने खानी खन्ने मगरहरुलाई यस शोध अध्ययन क्षेत्रको रुपमा लिइएको छ । विशेष गरी यस समुदायलाई मुख्य अध्ययनको रुपमा छनोट गर्नुपर्ने कारण खानी खन्ने मगरहरुको परापूर्व कालमा खानी खन्दै खन्दै, सर्दै सर्दै यस राङ्खानीमा आइ बसेको यथार्थतालाई मध्यनजर गर्दै राङ्खानीका मगरहरुको खानी खन्ने परम्परालाई छनोट गरिएको हो ।

यसका अलबा शोधकर्ता स्थानीयबासी भएको र त्यहाँको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक तथा परम्परा आदिसँग राम्ररी परिचित भएकोले सरल सहज रुपमा खानी खन्ने परम्परा सम्बन्धि सूचना तथ्याङ्कहरु सङ्कलन गरी यथार्थताको जानकारी त्यस ठाउँका मगरहरु र अन्य जनसमुदायहरुमा ल्याउने विश्वासका साथ यस क्षेत्रको छनोट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा एक निश्चित अनुसन्धान विधिको आवश्यक पर्ने भएता पनि यस शोधपत्र अध्ययन अनुसन्धानको क्रममा केही अनुसन्धान ढाँचाहरुको परिधि भित्र रहेर अध्ययन अनुसन्धान सम्पन्न गरिएको छ ।

राङ्खानीका मगरहरुको खानी खन्ने परम्पराको सम्बन्धमा सरकारी, गैरसरकारी तथा कुनै निकाय, ब्यक्तिबाट अध्ययन अनुसन्धान भएको पाईंदैन । तसर्थ यस सम्बन्धमा खोज, अध्ययन अनुसन्धन तथा वर्णनको आवश्यक भएकोले वर्णनात्मक (Descriptive) र (Exploratory) अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । खानी सम्बन्धि विभिन्न पक्षहरु खानी खन्ने विधि, खानी खन्दा भएको कष्ट, त्यस कार्यमा महिला पुरुषको के के भूमिका रहन्थ्यो भन्ने कुराहरुको वर्णन गरिने हुँदा यो अध्ययन वर्णनात्मक रहेको छ । त्यस्तै खानीको उत्पत्ति, खानी खन्ने परम्पराको थालनी आदि पक्षको

खोजीनीति गरी सत्य तथ्य प्रष्टाउनु पर्ने भएकोले यो अध्ययन अन्वेषणात्मक (Exploratory) रहेको छ ।

त्यस्तै खानी सम्बन्धि जानकारी पाउन सम्बन्धित अध्ययन क्षेत्रको मगरहरुसँग बसेर, घुलमिल भएर, उनीहरुले बुझे जाने जति खानी खन्ने परम्परा सम्बन्धि ज्ञान लिने कार्य गरिएको छ ।

## ३.३ नमुना छनोटको विधि

प्रस्तुत अनुसन्धानमा मुख्य रुपमा बागलुङ जिल्लाको राङ्गखानी गा.वि.स.मा बसोबास गर्ने मगरहरुको खानी खन्ने परम्परा सम्बन्धि ज्ञान भएका वृद्ध, जानकार मगरहरुलाई समेटिएको छ । बाग्लुङ जिल्लाको राङ्गखानी गा.वि.स.वार्ड नं. ४ मा जम्मा ५० घरधुरी मध्यबाट १३ जनालाई सूचनादाताको रुपमा नमुना छनोट गरी यसमा प्रतिनिधित्व गराइएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र श्रोतहरुः

यस अध्ययन अनुसन्धानलाई सरल र सहज रुपमा ब्यवस्थित तरिकाले यथार्थताको नजिक पुर्‍याउन खानी खन्ने परम्परा सम्बन्धित स्थानमा गई मौखिक रुपमा यस सम्बन्धि वार्तालाप गरिएको छ । यसका साथै खानी खनिएका सुरुङ्गहरुको पनि प्रत्यक्ष अवलोकन गरिएको छ ।

यस अध्ययनका लागि अध्ययनकर्ताले प्राथमिक र द्वितीय दुबै  श्रोतहरु प्रयोग गरेको छ ।

### क) प्राथमिक श्रोत

प्राथमिक श्रोतको रुपमा प्रश्नावली तयार गरी सोही प्रश्नको आधारमा अध्ययन क्षेत्रका बूढापाकाहरुसँग लिइएको अन्तरवार्ता, र अवलोकन गर्दा प्राप्त भएका तथ्याङ्कलाई आधार मानिएको छ ।

यसमा खानी खन्ने परम्पराको बारेमा जानकारी भएका बूढापाका, बुद्धिजीवि, भद्रभलादमीहरुलाई सहभागी गराइएको छ । अध्ययन क्षेत्रको प्रत्यक्ष अवलोकनबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ख) द्वितीय श्रोत

राङ्खानी ४ का मगर तथा आदिवासी ज्ञानसीप, खास गरी खानी सम्बन्धी लेख, रचना, किताब र दस्तावेजहरुको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई द्वितीय श्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनको विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा नमुना छनेट गरिसके पछि तथ्याङ्क सङ्कलन गर्न विभिन्न विधिहरु जस्तो स्थलगत सर्वेक्षण, अर्न्तर्वाता, प्रश्नावली छलफल आदिबाट आवश्यक जानकारी सूचना तथ्याङ्क प्राप्त गरिएको छ । खानी खन्ने परम्परा प्रति चासो राख्ने विभिन्न विद्वत्वता ब्यक्तिहरुद्वारा प्रकाशित पुस्तक, लेखरचना आदिको अध्ययन गरेर यस शोधपत्र तयार गर्ने काम सम्पन्न गरिएको छ ।

प्राथमिक तथ्याङ्क सङ्कलन गर्दा निम्न प्रकारका विधिहरुमा आधारित रहेर शोधकार्यलाई पूर्णता दिने काम गरिएको छ ।

### (क) प्रश्नावली

प्रस्तुत शोधपत्रलाई सम्पन्न गर्न प्रथमतः यस शोधपत्रको उद्देश्यमा आधारित रहेर उपयुक्त प्रश्नावली तयार पारिएको थियो । तयारी प्रश्नावलीलाई सम्बन्धित क्षेत्रमा गई प्रत्यक्ष रुपमा उत्तरदातासँग भेटी उनीहरुको आर्थिक, सामाजिक, धार्मिक, अवस्थाका साथै खानी खन्ने परम्पराको सोधखोज गरी प्रश्नावली भर्ने कार्य सम्पन्न गरिएको थियो ।

### (ख) अनुसन्धान क्षेत्रको अवलोकन

प्रस्तुत शोधपत्रलाई आवश्यक सही तथ्याङ्क प्राप्त गर्नको लागि अनुसन्धानकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा सहभागी भई अवलोकन विधिको प्रयोग गर्नुको साथै राङ्खानीका मगर पुर्खाहरुले खानी खन्दा प्रयोग गर्ने औजारहरु के के थिए भन्ने कुराको अध्ययन गरिनुका साथै सुरुङ्गको फोटो खिच्ने काम पूरा गरिएको छ । सम्बन्धित गा.वि.स.को वडा नं. ४ मा रहेका वृद्धहरुसँग प्रत्यक्ष कुराकानी गरी अध्ययन कार्यमा आवश्यक तथ्याङ्क संकलन गरी प्रस्तुत शोधकार्यलाई भरपर्दो बनाउन सकेसम्मका तथ्यहरु जुटाउने कार्य गरिएको छ ।

## (ग) अन्तर्वार्ता

प्रस्तुत शोधकार्यलाई यथार्थमा उतार्न सम्बन्धित क्षेत्रका खानीबारे जानकार राख्ने व्यक्तिहरुसँग अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ । अन्तर्वार्ताबाट यहाँका मगरहरुको खानी खन्ने परम्परा, संस्कृति, रहनसहन र संस्कारको बारेमा जानकारी प्राप्त गरिएको छ ।

## उत्तरदाताको विवरण

### क) लिङ्गको आधारमा उत्तरदाताको अवस्था

यहाँका मगर समुदायमा लैङ्गिक समानता पाईन्छ । पुरुष र महिला बीचमा शारीरिक बनावटमा जैविक भिन्नता फरक भएता पनि अन्य क्षेत्रमा दुबैको समान पहुँच रहेको पाईन्छ । धार्मिक कट्टरता नभएको यी समुदायमा सामाजिक मेलमिलाप, सद्भाव प्राचीन कालदेखि नै रही आएको पाईन्छ । जस्तैः विद्यालय जान, सामाजिक कार्य, सभा समारोह आदिमा भाग लिन पुरुषहरु स्वतन्त्र छन्, त्यसै गरी महिलाहरु पनि स्वतन्त्र छन् । त्यस्तै यी जातिको  खेलकुद, कलाकारिता, गीत संगीत आदि क्षेत्रमा पनि समान सहभागीता रहेको पाईन्छ । समग्रमा भन्नुपर्दा यस जातिमा जातिभेद, लिङ्गभेद, वर्णभेद, वर्गभेद, धर्मभेद रहेको पाईंदैन । यी जातिले समानतामा मात्र होइन न्यायीक समानतामा पूर्णरुपमा विश्वास गर्दछ ।

### ख) पेशागत आधारमा उत्तरदाताको अवस्था

नेपाल कृषि प्रधान देश हो । यस देशका करिव ९० प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् । त्यसै गरी मगरहरुको पनि मुख्य पेशा भनेको कृषि नै हो । कृषि पेशाबाट नै अधिकांश मगरहरु आफ्नो जीविका चलाउने गर्दछन् । त्यस्तै पेशागत आधारमा राङ्गखानी ४ मा बसोबास गर्ने मगर समुदायलाई लिंदा यस समुदायका मानिसहरुको मुख्य पेशा पनि कृषि नै रहेको पाईन्छ । यसका अलबा मानिसहरु शिक्षण, सरकारी नोकरी, समाजसेवा लगायत ब्रिटिश आर्मी, इण्डियन आर्मी देखि वैदेशिक रोजगारको लागि खाडी मुलुकको विभिन्न देशहरुमा संलग्न रहेको पाईन्छ ।

### ग) धर्मको आधारमा उत्तरदाताको अवस्था

राङ्खानी ४ का मगर समुदायमा हिन्दू धर्मको प्रभाव परेको भएता पनि आफ्नो मौलिक संस्कार र परम्परा रहि आएकोले साथै बौद्ध धर्मको छाप पनि भएकोले मिश्रित धार्मिक संस्कार मान्ने चलन छ ।

### ३.६ अध्ययनका सिमाहरु

यस अध्ययनमा विषयवस्तु बनाइएका राङ्खानीका मगरहरुको खानी खन्ने परम्परा, यसको विगत र वर्तमान अवस्था यसको समाजिक, आर्थिक, सांस्कृतिक पक्षमा मात्र केन्द्रित रहेको छ । सबै खानी गाउँहरुको क्षेत्रलाई अध्ययन गर्न कठिन पर्ने र निष्कर्स निकाल्न गाह्रो पर्ने हुनाले बाग्लुङ जिल्ला राङ्खानी गा.वि.स. वडा नं. ४ का मगर समुदायलाई अध्ययनको क्षेत्र बनाइएको छ ।

यस अध्ययनमा शोधकर्ताको समय, श्रोत र साधनको अभाव हुँदा हुँदै पनि यस अध्ययनको उद्देश्य पूरा गरिएको छ ।

# परिच्छेद-चार

## ४.१ राङ्खानीको मगरहरुको सामाजिक सांस्कृतिक परिचय :

प्रस्तुत शोधकार्यको सम्बन्धित अध्ययन क्षेत्र राङ्खानी गा.वि.स. बागलुङ जिल्लाको सदरमुकामबाट १२ कोष दक्षिणी भागमा अवस्थित छ । यसको क्षेत्रफल १३.४१७२ वर्ग कि. मी. रहेको छ । यस गा.वि.स.मा अत्याधिक मात्रामा मगरहरुको बाहुल्यता रहेको छ भने अन्य जातिमा ब्राहम्ण, गुरुङ, कामी, दमाई, सार्की रहेका आदि बसोबास गर्दछन् ।

श्रोत : जिल्ला विकास समीति बागलुङ

यस गा.वि.स.को घरधुरी संख्या जम्मा ८९६ रहेको छ भने कुल जनसंख्या ४३५१ जना रहेका छन् । जसमध्ये पुरुष जनसंख्या १९५८ जना र महिला जनसंख्या २३९३ जना रहेकाछन् ।

श्रोत : राष्ट्रिय जनगणना २०५८

कुल जनसंखया मध्ये मगर जनसंख्या जम्मा २३४० जना, क्षेत्री १९६ जना, दमाई ३९ जना, सुनार ९ जना, ब्राम्हण ९२३ जना, ठकुरी १६ जना, घर्ती वा भुजेल १३ जना, सार्की ३६५ जना, याक्खा १० जना, कामी ३२८ जना, तेली १ जना, नखुलेका दलित ७२ जना, गुरुङ ३७ जना, सन्यासी १ जना, नखुलेका जाति १ जना रहेका छन् (जनगणना, २०५८) ।

शोधकर्ताले वार्ड नं. ४ लाई अध्ययन क्षेत्र छानेको हुनाले यहाँको जनसंख्या निम्न प्रकारले प्रस्तुत गरिएको छ । राङ्खानी ४ मा घरधुरी संख्या जम्मा ५० रहेको छ । जसमध्ये पुरुष जनसंख्या १०२ जना रहेको छ भने महिलाको जनसंख्या १३८ जना गरी जम्मा जनसंख्या २४० रहेको छ ।

राङ्खानी गा.वि.स.को प्राकृतिक स्वरुपको परिचय दिनुपर्दा यस गा.वि.स.बाट चारैतिर खुल्ला देखिन्छ । यस गा.वि.स.को उत्तरपट्टि गाजाको चुचुरा पर्दछ भने दक्षिणतिर हाडीकोटको धुरी पर्दछ । यहाँको वनजङ्गल, गुफा (ओडार) यहाँ बग्ने सानातिना खहरे खोलाहरु ठेउले खोलासँग संगम भई काली गण्डकीमा मिसिन पुगेको छ । यहाँबाट

उत्तरपट्टि देखिने माछापुच्छ्रे लगायतका हिमालहरु श्रींखलाबद्ध तरिकाले पक्तिबद्ध रहेका छन् । यिनीहरु नै यहाँको प्राकृतिक सौन्दर्यता र सम्पदा हुन् ।

## ४.२ यातायात तथा सञ्चारको स्थिति

बगलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारदेखि कुश्मीसेरासम्म कृषि हरियाली कच्ची सडक २५ कि.मी. र कुश्मीसेराबाट राङ्खानी नाम्दुक सम्म १४ कि.मी. कच्ची सडक निर्माण भएको छ । यस कच्ची सडकमा यातायातको साधनहरु मालसामान ढुवानी गर्ने ट्याक्टर, यात्रु वसारपसार गर्ने जीव, मोटर साइकल, मिनीबस आदि सञ्चालन भएको छ । त्यसै गरी यस क्षेत्रमा सञ्चारका माध्यमहरु राष्ट्रिय प्रसारण रेडियो नेपाल, टेलिभिजन, स्थानीय तथा राष्ट्रिय एफ.एम. प्रसारण, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मोबाइल टेलिफोन सेवा आदि सुबिधाहरु उपलब्ध छन् ।

यस गा.वि.स.मा ९ वटा वडाहरु रहेका छन् । जसमा मगर बस्तीहरु देवलधारा, धावा, चिलाउनेखर्क, नाम्दुक, किटेनी, धुस, भेडीखर्क, माझगाउँ, पाही, श्रीसगाउँ र तोरीबारी रहेका छन् ।

यस गा.वि.स.को सिमाना छिमेकी गा.वि.स.हरु उत्तरमा पंयुथन्थाप गा.वि.स.सँग जोडिएको छ भने पूर्वमा सर्कुवा गा.वि.स.सँग, दक्षिणमा छिस्ती गा.वि.स.सँग र पश्चिममा ढुल्लुबाँसकोटसँग जोडिएको छ । धार्मिक तथा पर्यटकिय स्थलको रुपमा हाडीकोट डाँडा, गाजाको लेक लगायत यहाँका मगरहरुले पूजा गर्ने पवित्र थानहरु माइको थान, देवीको थान, मठको थान, सिद्धको थान र देवीदेउराली आदिलाई लिन सकिन्छ ।

## ४.३ राङ्खानी गा.वि.स.मा बसोबास गर्ने मगरहरुको परिचय

राङ्खानीका मगरहरु सोझो ब्यवहार मिलनसार, सरल प्रकृतिका, लगनशील र बहादुर जातिय स्वभाव भएका कारण ब्रिटिस, भारतीय र नेपाली सेनामा भर्ती भई वीरता र बहादुरी देखाउन सफल भएका छन् । आफनो काम आफै गरेर जिविका चलाउनुपर्छ भन्ने स्वाभीमानी सोचाइका मगरहरु कर्मशील छन् ।

यहाँका मगर समुदायमा रहेका थर उपथरबीच फुपुचेला नातागोता भित्र मागी विवाह चल्छ र भागी विवाह पनि प्रचलन रहेको पाईन्छ । यहाँका मगर जातिमा श्रीस मगर चेली, त्यस्तै पुन मगर चेला, राना मगर चेला र श्रीसमगर चेलीबीच मागी विवाह हुन्छ र भागी विवाह पनि चल्छ । यस मगर समुदायमा बच्चा जन्मेपछि छैटी, न्वारान, पाश्नी, छेवर, विवाह तथा मृत्यु संस्कार आफ्नै परम्परा अनुसार गर्ने चलन छ । यहाँका मगर जातिले मृत पिता पुर्खा पितृहरुलाई सम्झेर पूजा गर्ने र साथै प्रकृति देवी देवताको पनि पूजा गर्ने संस्कार रहेको छ ।

## ४.४ सामाजिक पक्ष

राङ्खानीका मगर पुर्खाहरुको परापुर्वकालमा खानी खन्ने परम्परा रहेको भए पनि समय वित्दै जाँदा विभिन्न उतारचढाव आए । अहिले आएर राङ्खानी ४ का मगर सन्ततीहरुको जीवन चलाउने माध्यम भनेको कृषि पेशा नै हो । हाल यहाँका मगर समुदायमा परिवारिक नेतृत्व जेष्ठताको आधारमा गरिन्छ । पितृसत्तात्मक ब्यवस्था भएको हुँदा परिवारको जेठो ब्यक्ति (पुरुष) ले नै परिवारको नेतृत्व गरेको हुन्छ । जसको आज्ञा परिवारका सबैले पालना गरेका हुन्छन् । पुरुषको जस्तै आमा र सासुको प्रत्यक्ष निगरानीमा छोरीबुहारीहरु रहेका हुन्छन् । सासु नभएको घरमा जेठी बुहारीको मातहतका अन्य महिलाहरु रहेका हुन्छन् ।

यहाँका मगर समुदायको पारिवारिक संरचनालाई हेर्दा एकल परिवार भन्दा संयुक्त परिवार संख्या बढी रहेको छ । यसको मुख्य कारण मगरहरु कृषि पेशामा निर्भर रहेको हुनाले नै हो । कृषि कार्यको लागि बढी जनसंख्या आवश्यकता पर्ने हुनाले संयुक्त परिवार बढी रहेको पाईन्छ । तर आजभोलीका नयाँ पिढीहरु एकल परिवार प्रति बढी आकर्षित हुन थालेका छन् ।

राङ्खानी ४ का मगर समुदायमा परिवारको कुनै सदस्य अलग भई बस्न चाहेमा घरको सम्पूर्ण चल अचल सम्पत्ति सबै दाजुभाइलाई बराबर भाग लगाईन्छ । बाबुको मृत्यु नहुँदै छोराहरु छुट्टिन चाहेमा बाबु र आमाको संयुक्त रुपमा एक अंश लाग्दछ । जसलाई बुढ्यौली (जिउनी) अंश छुट्ट्याउने भनिन्छ । पछि बाबुको मृत्यु पछि सो सम्पत्ति छोराहरुले आपसमा बराबर बाँडेर लिने चलन छ । आमा बाबुले सो सम्पत्ति आफ्नो खुशीले भोग गर्न पाउँदछ र अरु कसैलाई आफूखुशी दिन पनि सक्दछ । सम्पत्तिमा छोरीको सम्पूर्ण छोरा समान अधिकार नरहे पनि जीवनभर विहे नगरी बस्दछ भने वा ३५ बर्षनाघेपछि दाजुभाइ सरह अंश पाउने प्रचलन रहेको छ । यो नेपालको कानूनी मान्यता पनि हो । समाजको प्रत्येक समुदायमा नातेदारी ब्यवस्थाको भूमिका महत्वपूर्ण हुन्छ ।

सबै जात र समुदायमा नातेदारी व्यवस्था अन्तर्गत आमा, बाबु, छोराछोरी र उनीहरुबाट विभिन्न रुपमा जोडिएको सम्बन्ध पर्दछ । रक्त सम्बन्ध र वैवाहिक सम्बन्धमा जोडिएको सम्बन्ध नातेदारी व्यवस्था नेपाली समाजमा ब्याप्त छ । अन्य समुदायका मानिसहरुको जस्तै यहाँका मगर समुदायको नातेदारी व्यवस्था आफ्नै प्रकारको रहेको छ । यहाँका मगर समुदायको तिन प्रकारको नातेदारी चलन रहेको छ । प्राथमिक स्तरमा आमा, बाबु, दाइ, भाइ, दिदी बहिनी पर्दछन् भने द्बितीयमा सासु ससुरा लगायत भान्जा, भान्जी, साली पर्दछन् । नातेदारी व्यवस्थामा मामा र भान्जाको सम्बन्ध महत्वपूर्ण हुने हुँदा विवाहबाट आर्जित नातेदारी व्यवस्थालाई मगर समुदायमा महत्व दिएको पाईन्छ । कुनै पनि पूजाआजा र अन्य कार्य गर्नुपर्दा वा जन्म संस्कार, मृत्यु संस्कार आदि संस्कारमा आफ्ना भान्जाद्वारा कार्यको थालनी गर्नु पर्दछ भने भान्जाको छेवर कार्यमा मामाले नै भान्जाको कपाल खौरिनु पर्ने नियम रहेको छ । जसले गर्दा मामा भान्जाको सम्बन्ध निकै मजबुत र अत्यावश्यक पनि रहेको छ ।

### ४.५ भाषा

भाषा मान्छे-मान्छे बीच एक आपसमा आदान-प्रदान गरिने बोलिचालीको माध्यम हो । नेपालमा विभिन्न जात जातिहरु छन् र तिनीहरुको आ-आफ्नै मातृभाषा छ । मगर समुदायको पनि आफ्नै मातृभाषा छ । मगर समुदायको मातृभाषा भित्र पनि तीन थरिका मगर मातृभाषाहरु छन् । ती हुन मगर ढुट, काइके र खाम । नेपालको विभिन्न स्थानमा बसोबास गर्ने मगरहरुले छुट्टा छुट्टै मातृभाषा बोल्दछन् । तर नेपालका सम्पूर्ण मगर समुदायले आफ्नो मातृभाषा बोल्दैनन् । किनभने विगत कालमा बढ्दो हिन्दूकरण, अन्य सांस्कृतिक प्रभाव, सरकारी दवाव आदि कारणले गर्दा कालान्तरमा केही मगर समुदायमा आफ्नो मातृभाषा लोप भएको पाईन्छ ।

राङ्गखानीका मगरहरुले आफ्नो मातृभाषा बोलीचालीमा प्रयोग गर्दैनन् । उनीहरु सरकारी कामकाजको नेपाली खसभाषा नै बोल्दछन् । यहाँका बूढापाकाहरुको भनाई अनुसार विगत कालमा यहाँका मगरपुर्खाहरुले खानी खन्ने क्रममा उनीहरु माथि खानीबाट निकालेको खनिजधातु चोरी, लुकाउने, छिपाउने गर्छन भन्ने आशङ्का गरेर र सरकारी कामकाजमा कठिन नहोस् भनी सरलता अपनाउन तत्कालीन राणाशासकहरुले सरकारी तवरबाटै मातृभाषा बोल्न प्रतिबन्द लगाईदिएर सरकारी कामकाजको खसभाषा बोल्न जबरजस्ती दबाब दिए । यदि मातृभाषा बोल्यो भने जिब्रो काटिदिने र विभिन्न दुःख यातना दिने डर धम्की दिइन्थ्यो । यसरी आफ्नो मातृभाषा बोल्नबाट बन्चित भएपछि समय वित्दै जाँदा यहाँका मगरहरुको आफ्नो मातृभाषा विस्तारै लोप हुँदै गयो । तर

भाषा लोप भएर गए पनि धर्म, सामाजिक, सांस्कृतिक परम्पराहरु भने हिन्दू संस्कार र आफ्नै मौलिक परम्परा मिश्रित रुपमा विद्यमान कायम रहेको छ ।

### ४.६ पारिवारिक संरचना

परिवारिक संरचना एक यस्तो इकाई हो, जसमा आमा-बाबु, छोराछोरी, बाजे-बजै आदि सदस्यहरुबीच भावनात्मक सम्बन्धको आधारमा एक अर्काको सुख दुःखमा सहभागी भएर विभिन्न कार्य सम्पन्न गर्दछन् । यहाँका मगर समुदायको परिवारको सदस्यहरुमा भावनात्मक सम्बन्धको आधारमा एकल, संयुक्त परिवार र वृहत परिवारमा मिलेर बसेको पाईन्छ । तर हाल आएर पारिवारिक कलह, बैमनस्यता, कृषि पेशाले खान नपुग्ने, बेरोजगारी समस्या, सञ्चार शिक्षा तथा यातायातको विकास आदिले गर्दा यस ठाउँका मगर समुदाय पनि एकल परिवार तर्फ आकर्षित भएको पाईन्छ ।

### ४.७ वैवाहिक स्थिति

मानव समुदायमा पुरुष र स्त्रीको आपसी सम्बन्ध जुटाइ एक आपसमा माया प्रेमका भावना जगाउदै लोग्ने स्वास्नीका रुपमा स्थापित हुन गरिने कृयाकलापलाई विवाह संस्कार भनिन्छ । मगरहरुमा पनि मागि वा प्रेम दुबै प्रकारको विवाहको प्रचलन भएको पाईन्छ । यो समुदायमा मामा चेली, फूपूचेला बीच विवाह गर्ने प्रचलन रहेको छ । यिनीहरु विशेष गरी स्वजातिय विवाह गर्दछन् भने नगन्य मात्रामा अन्तरजातिय विवाह गरेको पाईन्छ ।

**क) मागी विवाह**

यहाँको मगर समुदायमा मागी विवाह निकै प्रचलित विवाह हो । यो विवाह समुदायमा अन्य विवाह भन्दा बढी मान्यता भएको विवाह हो । फुपु चेला र मामा चेली बीच मागी विवाह (Arrange Marrige) गर्ने औपचारिक परम्परा रहेको छ । यस्तो परम्परा यद्यपी कायमै छ । मामाको छोरीलाई साली सासु र फुपुको छोरालाई ज्वाई भेना विवाह गर्न मिल्ने नाता भएकोले साली भेना बीच जिस्काउने साइनो पनि मानिन्छ । मागी विवाह गर्दा दुलाहा पक्षबाट सुहाउदो मामाको छोरी (साली) लाई माग्ने काम सरल तरिकाले गरिन्छ । छोरीको विवाह गरिदिने वा नगरिदिने भन्ने फैसला आमा बाबुमा नै निर्भर पर्ने हुनाले सुहाउदो लायक केटा (भान्जा) पायो भने विवाहको लागि स्वीकार हुन्छ र माइतीले आफ्नो छोरी (नयाँ दुल्ही) को लागि दुलाहा पक्षबाट केहि पैसा माग्ने चलन छ । त्यसलाई साइपता भनिन्छ । त्यो साइपता भविष्यमा छोरीको नै पेवा बन्दछ । यसको

साथै माइतीले सुनका गरगहना र लुगा मागदिने चलन पनि छ । यसरी दुलहीको छिनोफानो भइसकेपछि दुलहाको घरमा नयाँ दुलही लगिन्छ । नयाँ दुलहीलाई दुलाहाको घरमा पुर्‍याउन दुलहीको साथी संगिनी पनि छोड्न जान्छन् यसलाई लोकन्ति जाने भन्ने चलन छ । ती लोकन्तिहरुलाई दुलाहाको घर सम्म नयाँ दुलही पुर्‍याउन आएकोमा दुलाहाले स-धन्यबाद उनीहरुलाई पैसा दिएर बिदा दिने चलन छ । दुलाहाको घरमा नयाँ दुलही ल्याए पछि शुभ साइत जुराएर नयाँ दुलही भित्र्याउने काम शुरु हुन्छ । नयाँ दुलही भित्र्याउदा आफ्ना कुलको पित्रीहरुलाई सम्झिन्छ । उनीहरुको नाममा रातो सेतो धजा बाँधेर धुप हाली बत्ति बालिन्छ, रोटी, रक्सी अन्य मिठा-मिठा परिकारहरु आफ्नो कुल र पित्रीहरुको नाममा चढाइन्छ र नयाँ दुलही माइतीको कुलबाट दुलाहाको कुलमा औपचारिक रुपले चढेको घोषणा गरिन्छ ।

नयाँ दुलही र दुलाहा घरभित्र पस्दा दुलहाको दिदी बहिनीले ढोकामा कपडाले बाटो छेक्छन् । बाटो छेके बापत नयाँ दुलही र दुलाहाले उसलाई पैसा दिन्छन् र दिदी बहिनीले बाटो खुल्ला गरिदिन्छन् । घरभित्र प्रवेश भइसके पछि नयाँ दुलही र दुलाहालाई आमा बाबु र अन्य दाजु-भाई र आफन्त जनले टीका लगाइदिएर शुभ आर्शिबाद दिइन्छ । नयाँ दुलही र दुलाहाले पनि टीका ग्रहण गर्दै आशिर्बाद शिरोपर गर्दछन् र सबै मिलेर नयाँ दुलही र दुलाहाको सुखी र सफल दाम्पत्य जीवनको कामना गर्दै रोटी, रक्सी र अन्य मिठा-मिठा परिकार खुशियाली मनाउदै खान्छन् । उता माइती पक्ष तिर तीन दिनमा रोटी, रक्सी र दहीको सौगात लैजानु पर्दछ । जसलाई ठेकी भनिन्छ । दुलाहाको घरबाट ल्याएको ठेकी माइती घरमा दुलहीको मावलीले दहीको ठेकीको मुख खोल्ने चलन छ । जसलाई ठेकी फोर्ने भनिन्छ । ठेकी फोरे पछि दुलाहाको घरबाट ल्याएको रोटी, रक्सी र दही समाजको छर छिमेकी, इष्टमित्रलाई जम्मा हुन कटुवाललाई जिम्मा लगाइन्छ यसरी जम्मा भई सबैले खान्छन् । यसलाई ठेकी खाने भन्दछन् । धोगभेट फुकाउनको लागि शुभ लगन जुराइ निश्चित दिन टोक्छन् । त्यसै दिन केहि परिमाणमा रोटी, रक्सी पनि माग गरेर पञ्चे बाजा र जन्तीको साथ नयाँ दुलही र दुलाहालाई बोलाउछन् । धोगभेट निश्चित गरिएको दिन दुलाहाको पक्षबाट पञ्चे बाजा-गाजा, गाउँ समाज इष्टमित्र, आइ आफन्तलाई जन्ति जानको लागि बोलाइन्छ । दुलाहाको लागि एक जना साथी हुनु पर्दछ र दुलहीको लागि पनि केहि सँगिनीहरु जानु पर्दछ । यसरी दुलाहाको घरबाट पनि लोकन्ता र लोकन्ति जाने चलन छ । विवाहाको दिन पञ्चे बाजा बजाउदै गीत, नाच-गानको साथ रमाइलो गर्दै दुलहीको घरमा पुगिन्छ । दुलही घरमा पुग्ने बेलामा पञ्चे बाजाको रोमाञ्चकारी बजाइले परिबेश साह्रै आर्कषक र मनोरञ्जनपूर्ण हुन्छ । आगन्तुक जन्तीहरुलाई गोलबन्द गरेर माइती पक्षले सत्कार गर्दै बाँसको चिरामा राँको बालेर गोल बन्दित जन्तिलाई तीन वा पाँच पटक परिक्रमा गरेर

अक्षता र जलले जन्ति पर्सयाउछन् । त्यस पछि जन्तीहरुलाई माइती पक्षतिरको दुलहीको सँगिनीहरुले टीका र फूलको माला लगाइ दिएर स्वागत गर्दछन् । त्यस पछि खाना भोजन गराउदछन् । अर्को तिर दुलहीको आमा बाबु, आफ्ना नाता, आफन्तहरुले नयाँ दुलाहा-दुलही (छोरी ज्वाई) लाई टीका लगाई दिएर आर्शिबाद दिन्छन् र पैसाको फुल शिरमा लगाई दिन्छन् । दुलाहा-दुलहीले पनि माइतीले लगाई दिएको टिका ग्रहण गर्दै आर्शिबाद शिरोपर गर्दछन् ।

यस पछि दुलाहा-दुलहीलाई खान पिनको लागि तयारी गरिन्छ । खाना भोजन अगाडि त्यसै क्षणमा दुलहीको माइती तिरको सँगिनीहरुले दुलाहालाई र दुलाहाको साथीलाई रमाइलो कार्यक्रम प्रस्तुत गर्दछन् । दुलाहाको कानमा फूलको माला र शिरमा फूलैफूलको श्रीपेज बनाएर झकमक्क लगाइदिन्छन् । दुलाहाको साथीलाई कृतिम आकर्षक डम्फू र मादल भिराइदिन्छन् र सँगिनी लगिदिएको गुनासो गर्दै गीतको टुक्का मिलाएर छेड् गरेको चिट्ठी बुझाउछन् । त्यो चिट्ठी त्यही क्षणमा नै पढेर सबैलाई सुनाउनु पर्दछ । दुलाहाको बाबुलाई कृतिम हुक्का, चिलिम र लालटिन अगाडि राखिदिन्छन् । यस्तो चटकी कार्य प्रस्तुत गरे बापत दुलाहाले ती दुलहीको सँगिनीहरुलाई पैसा तिर्नु पर्दछ । अर्को कार्यक्रम दुलहीको बहिनी (दुलाहाको साली) ले पनि दुलाहा (भेना) को टोपी र जुत्ता खोसी दिन्छन् र दुलाहाले सालीबाट आफनो टोपी जुत्ता फिर्ता लिन सालीलाई पैसा तिर्नु पर्दछ । पैसा पाए पछि मात्र भेनाको टोपी र जुत्ता दिन्छन् । उक्त दिन माइती पक्षबाट समाजका इष्ट मित्र, छरछिमेकी र नाता आफन्त जन सवैलाई निमन्त्रणा गर्दछन् । भोज भतेर गरेर दुलाहा पक्षबाट ल्याएको रोटी रक्सी भोजमा उपस्थित समाजका इष्ट मित्र, छरछिमेकी र नाता आफन्त जन सबै जम्मा भएर खान्छन् । भोज भतेर तयारीको लागि गाउँका दिदी बहिनी, दाजु भाई जम्मा भएर सबैले सहयोग गर्दछन् । आमन्त्रित पाहुनाहरुले भोज भतेर खाएपछि आफनो हैसियत अनुसारको पैसा तथा जिन्सी दिने चलन छ । यसरी पाहुनाहरुबाट जम्मा भएको पैसा तथा जिन्सी माइतीले दुलाहा पक्षलाई दिने चलन छ । यसलाई गर्जुवा दिने भन्दछन् । माइती घरमा पञ्चे बाजाको रमाइलो परिवेशमा युवा, युवती बुढापाकाहरुले रातभरि गीत, नाचगान गरेर रमाइलो गर्दछन् । भोलि पल्ट माइतीमा पाहुनाहरुबाट जम्मा भएको पैसा तथा जिन्सी माइतीले दुलाहा पक्षलाई बुझाउछन् । दुलाहाको बाबु र दुलहीको बाबु एक अर्कालाई टीका लगाइदिएर र रक्सी एक अर्कालाई खुवाइ दिएर सम्देलो कार्यक्रम गर्दछन् । नयाँ दुलाहाले माइती तिर नाता गोता र साइनो सम्बन्धि मान सम्मान र पहिचाहन गर्दछन् । अब दुलही अन्माउने समय भएको भन्ने संकेत पञ्चे बाजा-गाजाले पनि दुलही रोएको नककल गरी सबैको आत्मालाई दयालु भावुक बनाउने सँगीत बजाउछन् यस्तो सँगीतको धुनबाट दुलही

अन्माइदिनुस् भन्ने अनुरोधको आभास हुन्छ । यसको लगतै माइती घरबाट दुलाहा-दुलही र जन्तीलाई अन्तिम सगुन खान दिएर अन्माइन्छ । जन्ती अन्माइसके पछि दुलाहा-दुलहीको लागि माइती घरको दमाईले सिरानी बनाएर दिन्छन् र कामीले हँसिया दिन्छन् साथै दुलहीको सँगिनीहरुले रोटी, रक्सी र चटनी बाटोमा राखेर जन्ती छेक्ने चलन रहेको छ । बाटो छेके वापत दुलाहाले दुलहीको सँगिनीहरु र दमाई तथा कामीलाई पैसा तिर्नु पर्दछ । पैसा तिरेपछि त्यो खानाको परिकार जन्तीले खान्छन् । हँसिया र सिरानी दुलाहाले घरमा लैजान्छन् । जन्ती अन्माइसके पछि दुलहीको सँगिनीहरु दुलही छोड्न दुलाहाको घर सम्म लोकन्ति जान्छन् । पञ्चे बाजा, दुलाहा-दुलही र जन्ती माइती घरबाट फर्किएपछि दुलाहाको घरमा पनि भोज भतेर हुन्छ । यसरी विवाह प्रक्रिया सकिन्छ । जे होस् विवाह प्रचलन पनि पहिले-पहिले भन्दा समय परिस्थिती अनुसार परिमार्जित र सहज हुँदै आइरहेको छ भने आज भोलि कसै-कसैले पञ्चे बाजा नबजाएर पनि मागी विवाह गर्ने चलन छ ।

## ४.८ जनसंख्याको विवरण

कुनै पनि समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक अध्ययनमा त्यस समुदायको जनसंख्याको अध्ययन महत्वपूर्ण हुन्छ । राङ्खानी गा.वि.स.को कूल जनसंख्या ४,३५१ रहेको छ । जसमा पुरुषको संख्या १,९५८ र महिला संख्या २,३९३ रहेको छ । यस अध्ययन क्षेत्र राङ्खानी गा.वि.स. वार्ड नं. ४ को घरधुरी संख्या जम्मा ५० रहेको छ ।

**लिङ्ग अनुसार जनसंख्या**

**तालिका नं. १**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १०२ | ४२.५०% |
| महिला | १३८ | ५७.५०% |
| **जम्मा** | **२४०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०६७ ।

माथिको तालिका अनुसार ५० घर धुरीको कुलजनसंख्या २४० रहेको छ । जस्मा पुरुष संख्या १०२ अर्थात ४२.५% र महिला संख्या १३८ अर्थात ५७.५% रहेको छ । घरधुरीको हिसाबले अध्ययन गर्दा १५ घर कामी (विश्वकार्मा) र ५ घर दमाइ (दर्जी) गरी जम्मा २० घर दलित घर धुरी रहेको छ भने ३० घर मगर घर धुरी रहेको छ । यसरी यस गा.वि.स. वडा नं. ४ को घर धुरी जम्मा ५० रहेको छ ।

## ४.९ सांस्कृतिक पक्ष

समाजमा रहेका हरेक जात र समुदायमा आफ्नै किसिमको संस्कार हुन्छन् । मानविय जीवनलाई परिस्कृत गर्दै समय अनुसार चल्न सिकाउने प्रमुख माध्यम भनेको संस्कार हो । धार्मिक मान्यता अनुसार मानिस जन्मेपछि विभिन्न विधिपुर्वक शुद्ध पार्ने प्रचलन रहेको हुन्छ । यिनै धार्मिक एवं परम्परागत पद्धतिद्वारा मानिसको शुद्धिकरण गरिने प्रकृयालाई जीवन संस्कार भनिन्छ । राङ्खानी ४ का मगर समुदायमा पनि आफ्नै धार्मिक परम्परा र संस्कृति अनुरुप संस्कारहरु गर्ने गरेको पाईन्छ । यहाँका समुदायको चलन चल्तीहरुमा रहेका संस्कारहरुमा जन्म संस्कार, विवाह, छेवर र मृत्यु संस्कार आदि रहेका छन् ।

शोधको क्रममा यहाँका मानिसहरुको विचार अनुसार आफ्नो शेषपछि नयाँ पिढीहरुले पनि चलनचल्तीको परम्परालाई पछि सम्म कायम राखुन् भन्ने इच्छा रहेको पाईन्छ ।

## ४.१० जन्म संस्कार

बच्चाको जन्म भइसके पछि गरिने कार्यलाई जन्म संस्कार भनिन्छ । सर्वप्रथम त बच्चाको जन्म पछि सालनाल काटेर नुहाइदिएर सफा गरेपछि आमा र बच्चालाई घरको कुना वा अगेनाको छेउमा सुताउने चलन छ । सुत्केरी महिलालाई घरको अन्य ठाउँमा जान दिंदैनन् । अर्थात जहाँतही छुन दिंदैनन् । बच्चा जन्मेको १३ दिन सम्म नजिकको दाजुभाइलाई जुठो लाग्छ । यदि बच्चा छोरा हो भने ६ दिन पुगेपछि छैंटी जगाउने चलन छ । उक्त दिनको राती बच्चाको सिरानीमा कापी कलम राखी भावी (भगवान) ले बच्चाको भाग्य लेख्न आउने जनविश्वास रहेको छ । त्यसैले त्यस दिनको रातभर दियो बाली छिमेकीहरु जग्राम बसी भजनकृतन गरी रमाइलो गर्ने चलन छ भने छोरीको जन्ममा यी कार्य गरिंदैन । जाग्राम बसेको भोलिपल्ट रमाइलो गर्नेहरुलाई गच्छे अनुसार दान दिई विदा गरिने चलन रहेको छ ।

बच्चा ११ दिन पुगेपछि न्वारानको लागि ब्राहम्णा डाकी बच्चाको न्वारान गराईन्छ । न्वारानको दिन घरको आँगनमा गाईको गोबरले लिपि त्यसमाथि चामलको पीठोको रेखी हाली होम गरिन्छ । सुत्केरीलाई विहान नुहाउन लगाई गाईको गहुत (पिसाब) खुवाएर शुद्ध पार्ने गरिन्छ । यसलाई सुत्केरी फुकाउने भनिन्छ । ब्राहम्णले बच्चाको नाम राखिदिन्छ । नाम राख्दा बच्चा जन्मेको बार, समय, नक्षेत्र, घडी हेरी नाम राख्ने प्रचलन रहेको छ । यदि पहिलो पल्ट छोराको जन्म भएको हो भने पुत्र बधाई खुवाउने चलन छ । गाउँका सम्पूर्ण घरका एक एक जनाका दरले भोज खान सामेल हुन्छन् । खसी, बोका, कुखुरा र बङ्गुर आदि काटी रकसीसँग भोज खुवाउने गरिन्छ ।

छोरा जन्मेको ६ महिना पछि भात खुवाइ गर्ने कार्यक्रम हुन्छ । यस कार्यमा ३ जना कन्याले पहिलो चोटी भात खुवाए पछि अरु सबैजनाले भात खुवाउने काम सम्पन्न हुन्छ । उक्त दिनमा पाहुना पासाहरुलाई निमन्त्रणा गरिएको हुन्छ । ती पाहुनाहरुले निमन्त्रणा गरेवापत बच्चालाई केही उपहार पनि दिने चलन रहेको छ । तर छोरी जन्मेको ५ महिनामा भात खुवाई गरिन्छ र छोराकोमा जे जति कार्य गरिन्छ, छोरीकोमा गरिदैंन ।

## ४.११ छेवर

मगर समुदायमा पनि बच्चाको छेवर गर्ने चलन रहेको छ । छोरा ५, ७ वा ९ वर्ष पुगेपछि छेवर गर्ने चलन छ । छेवर गर्दा बच्चाको मामालाई डाकिन्छ र मामाले बच्चाको कपाल खौरिदिन्छन् । त्यसपछि नयाँ टोपी, नयाँ लुगा लगाइदिने चलन छ । छेवर नगरे सम्म बच्चाको कपाल काट्न हुन्न भन्ने भनाई रहेको छ । छेवर गरिसकेपछि मात्रकाट्न मिल्ने प्रचलन रहेको छ । तर आधुनिकताको आगमनसँगै यस्ता चलनमा परिवर्तन आएको देखिन्छ । बच्चा जन्मेर केही ठूलो भएपछि आफूखुशी कपाल काटेको पनि पाईन्छ । निश्चित समय पुगेपछि ज्योतिषलाई हेराएर शुभ दिन जुराई छेवर गर्ने चलन पनि रहेको छ । यसरी बच्चा जन्मेपछिको सम्पूर्ण कर्मकाण्ड मौलिक सँस्कार अनुसार नै गरेको पाईन्छ ।

## ४.१२ मृत्यु संस्कार

मान्छे जन्मे पछि मर्नु पर्ने प्रकृतिको नियम हो । राङखानीको मगर समुदायको मृत्यु संस्कारमा मान्छे मर्‍यो भने मृतकलाई पवित्र स्थानमा गाईको गोवरले एकोहोरो लिपेर राख्दछन् । मृतकको मुखमा छोरा छोरीहरुले सुनपानी र दाग बत्ति दिन्छन् । मान्छे मरे पछि वरपरका छरछिमेकीहरुलाई खवर गरेर मृतकको घरमा जम्मा हुन्छन् । जम्मा भएका मलामीहरुले मृतकलाई चिहानघाट सम्म लैजानको लागि दुई वटा काठमा बाँधेर मृतकलाई सेतो कपडाले बेरेर माथिबाट पहेलो कपडाले ढाकेर पैसाको माला, फुलको माला, अविर लगाई दिइ अगर बत्ति बालेर दुई जनाले बोक्दछन् । शुरुमा मृतकका छोराहरुले काँधमा बोक्दछन् त्यसपछि अन्य मलामीहरुले पालैपालो गरेर बोकी घाट सम्म लैजान्छन् । लास (मृतक) को अघि सेतो कपडाको बाटो बनाएर शंख बजाउदै अघि अघि मास चामल मृतकको चेलिवेटी नाता पर्नेले छर्दै चिहान घाट सम्म पुर्‍याउदछन् । लासलाई चिहान घाटमा पुर्‍याएर काठ दाउराको चित्तामा जलाएर दाहासंस्कार गरिसकेपछि नदीको पानीले मृतकका छोराहरुले नुहाएर चोखो पवित्र भएपछि दाह्री कपाल खौरेर सेतो कपडा फेरेर किरिया बस्ने चलन छ । घाटबाट किरिया पुत्रलाई

मलामीहरुले केहीसँग नछुवाएर घरमा लिइ छुट्टै ठाउँमा कोरा बनाइदिएर तेह्र दिनसम्म कोही मान्छे तथा जनावर पशु पन्छीसँग छुनबाट टाढा राख्दछन् ।

यहाँका मगर समुदायमा मान्छे मरेपछि कसै कसैले कालीगणडकी नदीको किनारमा लैजाने र जलाउने वा गाडने चलन रहेको छ । तर कसैले भने स्थानिय खोला नालाको किनारमा वा उच्च डाँडामा मृतकलाई जलाउने वा गाडने गर्दछन् ।

किरिया बस्ने तेह्र दिन सम्म दिनको एक छाक घिऊसँग मात्र भात खाएर बस्दछन् । विवाहित छोरी चेलीबेटीले पाँच दिन सम्म किरिया बस्दछन् । जुठो भने तेह्र दिनसम्म बार्दछन् ।

गाउँका छरछिमेकीहरुले पालैपालो गरी किरिया पुत्र र पुत्रीहरुलाई रातभरि जागै बसेर निदाउन दिँदैनन् । यदि किरिया पुत्र र पुत्रीहरुले रातमा निदाएर मृतकको सपना देख्यो भने जुठो हुन्छ भन्ने विश्वास छ । किरिया पुत्र र पुत्रीहरुलाई आफ्ना विवाहित चेलीबेटीले भात खुवाउने चलन छ । त्यसको लागि चामल, घिउ, फलफुल लिएर आउने गर्दछन् । पुरेत ब्राहमणलाई बोलाएर मान्छे मृत्यू भएको दिन देखि तेह्र दिनसम्म मृतकको आत्मालाई शान्ति मिलोस् र स्वर्गमा पुगोस, स्वर्गमा राम्ररी बास पाउन् भन्ने विश्वासका साथ किरिया पुत्रले पुजा आराधना गर्दछन् । बाह्रौं दिनको बेलुकी दाजुभाई जम्मा भएर पहिल्यै मृत्यु भइसकेका मृतात्मा कुल पित्रीहरुलाई एकएक गरी संझेर पुकार्दै विभिन्न खानाको परिकार चढाउछन् । हाल मरेको मृतकलाई पनि खानाको परिकार चढाएर छेऊमा राख्दछन् ।

१३ दिनको दिनमा ब्राहम्ण बोलाएर गाईको गहुत मन्तरेर दाजुभाइ खलक र आफ्नो परिवारका सबै ब्यक्तिले गहुत खाई पवित्र हुने गर्दछन् । चेलीबेटीले विभिन्न दस्तुर ( रोटी, रक्सी, कुखुरा) लिएर आउँछन् । उनीहरुले लिएको दस्तुर अनुसारको मुल्य गरी दान पैसा दिने चलन छ । यसलाई नुन छुवाउने भन्दछन् । मृतकको नाममा गाई दान गरी ब्राम्हणलाइ दिने चलन छ । बरखी बार्ने चलन मगर समुदायमा छैन । १३ दिनसम्म मात्र सेतो कपडामा बस्ने गर्दछन् । १३ औं दिनमा नातेदारहरुले १ माना चामल र केही पैसा लिएर/गर्न (घोत) आउछन् । मानिस मरेको १३ औं दिनमा भोज भतेर गरेर मलामी, घोत गर्न आएका, छरछिमेकी, नुन छुवाउन आएका चेलीबेटी आदिलाई खुवाउने चलन रहेको छ । मृतकको मलामीहरु कुनै पनि नछुटेर मृतकको घरमा आई खाना खानै पर्ने चलन पनि रहेको छ । यदि कुनै कारणबस छुटिहाले पनि घरमै पठाइदिने चलन रहेको छ । यसो नगरेमा मृतात्माको बास स्वर्गमा नभई नर्कमा हुन्छ भन्ने जनविश्वास रहेको छ ।

यस मृत्यू संस्कारमा गाऊँ समाज वरपरका छर छिमेकीहरुले एकआपसमा मिलीजुली १३ दिन सम्म सहयोग सहकार्य गर्ने चलन छ ।

## ४.१३ कूल पूजा

बाग्लुङ्ग जिल्लाको जिल्ला सदरमुकाम देखि १२ कोष दक्षिणमा राङ्खानी गा.वि.स.पर्दछ । यो गा.वि.स.विभिन्न प्राकृतिक स्रोत र साधनले धनि मानिन्छ । यस क्षेत्रमा विभिन्न धर्म, संस्कृति, रितिरीवाज भएका जाती जनजातीहरुको बसोबास रहि आएको छ । यस क्षेत्र विकास निर्माणको दृष्टिकोणले पछाडी भएपनि प्राकृतिक स्रोत, साधन र विभिन्न रितिरिवाज भएका जाति जनजातिहरुको बसोबासको दृष्टीकोणले धनी मानिन्छ । यहाँका मगर समुदायको परापूर्वकालदेखि चलिआएको चलन कूलपुजा एक विशेष पुजा हो । यसरी परम्परादेखि चल्दै आएको चलन अनुसार राङ्खानी ४ का मगर समुदायले ३ वर्षमा १ पटक पूजा गर्ने गर्दछन् । कूल पूजा जेष्ठ पूणिमाको दिन वा सो भन्दा अगाडि राम्रो तिथी पारेर पूजा गर्ने चलन छ । जब पूजा गर्ने दिन नजिकिदै जान्छ यसको ठीक एक दिन अगाडि देखि दाजुभाई मध्येबाट एक जना मूल पूजारी (सके सम्म अविवाहित एक जना कन्या केटा वा जेठो पाको) बस्ने गर्दछन् । यसरी मूल पूजारी बसेको ब्याक्तिले जुठो चीज नखाई चोखो र पवित्र बस्ने र सके सम्म अन्य दाजुभाई पनि पवित्र बस्नु पर्दछ र प्रत्येक घरघरबाट चामल, धजा, धुप, धार (भैसीको दुध) जम्मा गर्ने चलन पनि चलिआएको छ । प्रत्येकले आ-आफ्नो घर आँगन सरसफाई गरेर पवित्र बनाउने पनि गर्दछन् ।

जब पूजाको दिन आउँछ त्यो दिन सबै दाजुभाइको नीमको (साझा) भेडाको सांड (पाठो) मुल पुजारीको घरबाट वा जेठो पाकोको घरबाट चोखो पवित्र पानीले मन्छाएर सबै दाजुभाइको कुल देवताले रक्षा गरुन् र सबैको मनोकामना पूरा गरी देऊ भनि बच्कारने गर्दछन् । त्यस पछि लिङ्गो र कलश कन्या केटीलाई समाउन लगाई अगाडि हिंडेर थान सम्म पुर्‍याउँछन् । साथै प्रत्येक दाजुभाइको घरबाट पनि यदि कुनै भाकल छ भने आ-आफ्नो घरमा थालमा एकमाना चामल, कपनीमा बत्ति बाली चोखो पानीले मन्छाएर लिङ्गो र पाठासँगसँगै थान सम्म पुर्‍याउँछन्  । थानमा एक पटक घुमाएर सबै लिङ्गो मूल थानमानै गाडेर राख्ने गर्दछन् ।

पूजाको दिन थानमा पनि गाईको गोबरले लिपेर सफा गर्दछन् र बली दिएको पाठोको रगत चढाउनको लागि गाईको गोबरको कुण्डा बनाउँछन् । सँगसँगै घरको मण्डलीको

थान, चौरासी देवता, देवी देउराली, शिद्ध देवता, गणेश र बराह देवताको लागि पनि छुट्टा-छुट्टै थान बनाउँछन् । यसरी कुलायनको थान सफा गरे पछि प्रत्येक दाजुभाईबाट उठाएको चामल पिसेर बनाएको मसिनो पिठोको केही भाग रेखीको रुपमा कुलदेवता लगायत अन्य देवताहरुको थानमा रेखी राख्छन् भने बाँकी नौ बेद, रोटी, खीर, चामलको पीठोको पुवा बनाई कुल देवतालाई खुशी पार्न चढाउँछन् ।

जब थानमा रेखी राख्छन् तव पुजा कर्म शुरु हुन्छ । सर्व प्रथम रेखी राखेपछि एउटा तामाको ताउलीमा एकमाना चामल सहित कपनीमा तोरीको तेलको बत्ति बाली एउटा कलस सहित सुपारी, फुल, भेटी (पैसा) फलफुल र अगर बत्ति बाली थानमा चढाउँछन । यसरी कुल देवतालाई धुप राख्नु अगाडि घरको मण्डली देवताको पुजा गरे पछि चौरासी, देवी देउराली, शिद्ध देवता, गणेश लाई धुप, धार, नौबेद, धजा आदि चढाएर पूजा गर्दछन् । घरको मण्डली लगायत अन्य देवताको पूजा सिद्धिए पछि धुपधार, नौबेद चढाएर बराह देवताको पूजा आराधना गर्ने गर्दछन् र एउटा साझा निमको भेडाको साँडले वलि दिन्छन् । यसरी विधि पूर्वक बराह देवताको पूजा सिद्धिएपछि कुल पूजा गर्न तर्फ लाग्दछन् ।

माथि वर्णन गरिए अनुसार बराह देवताको पूजा सिद्धिए पछि सबै दाजुभाईबाट ल्याएको धुप राखी सबैको स्मृद्धिको. कामना गर्दछन् र नौबेद, धार, फलफूल चढाई धजा बाँध्ने गर्दछन् । यहाँको चलन-चल्ती अनुसार प्रत्येक दाजुभाईमा जेठो छोरा जन्मदा, छोरा भागको भेडाकोपाठा, जेठो र कान्छा छोराको विवाह गर्दा विवाह भागको पाठा र आ-आफ्नो मनोकामना पूरा गरुन् भनि गरिएको भाकल स्वरुपको भेडाको पाठा पनि कुल देवतालाई बली दिने गर्दछन् । यसरी सबैको धुप राखि सके पछि ज्योति घुमाएर निम ( साझा) को भेडाको साँड लगायत अन्य सबै साँड पालैपालो धार (दूध) र पानीले मन्छाएर सबैले आँटेको काम पुगोस् भनि कामना पनि गर्दछन् । यसरी सबै साँडहरु पन्छाइसके पछि सर्वप्रथम निमको साँडलाई बली दिन्छन् र क्रमशः अन्य साँडहरुको पनि बली दिन्छन् । यसरी बली दिएको सांडको रगत थानमा रहेको कुण्डामा चढाउँछन् । शरिरको भाग थानको वरिपरि एक पटक घुमाएर टाउको थानमै चढाउँछन् । अन्त्यमा सबै साँड बली चढाइसके पछि फेरी धुप राखेर सबै साँडको टाउको निकाल्छन् भने निमको सबै दाजुभाईले सामुहिक रुपमा पकाई प्रसादको रुपमा ग्रहण गर्दछन् । यसरी थानमा कुल देवताको कर्मकाण्ड सकिन्छ । अन्तमा थानको पूजा सकिएपछि सबै दाजु भाई वलि दिएको साँड लिएर आ-आफ्नो घरतर्फ लाग्दछन् र घर घरमा धेरै टाढा टाढाबाट बोलाएको नातागोता, ईष्टमित्र सबैलाई निमन्त्रणा गरेर आउने सबै पाहुनाहरुलाई मासु, विभिन्न परिकारको भोजन तथा जलपान गराउँछन् । यसरी पाहुनाहरुलाई भोजन गराउनुको साथै टाढा टाढाका ईष्ट मित्रसँग भेटघाट हुने अझ

नजिकको सुमधुर सम्वन्ध स्थापित गराउने मुख्य अवसरको रुपमा पनि यो कुल पूजालाई लिने गर्दछन् । त्यसैले यो कुल पूजा एक विशेष प्रकारको पूजा जसले आफ्नो वंशज कुल पुर्खाहरुलाई तथा आफ्नो गोत्रको सम्झना गराई रहने र इष्टमित्र बीचको सम्बन्ध अझ प्रगाढ गराउने पुजाको रुपमा परापूर्वकाल देखि रहि आएको छ । यसले जातिय साँस्कृतिक पहिचाहनलाई पनि दिगो राखेको छ । हालको परिवर्तित सन्दर्भमा पनि यहाँका मगर समुदायको यो पूजा मात्र नभै एक विशेष पहिचान सहितको कुल पूजा बन्न पुगेको छ ।

## ४.१४ पित्रकाज

राङ्गखानीका मगरहरुले पित्रकाज गर्दा मृतात्मा पुर्खाहरुको सम्झना र उनीहरुलाई विभिन्न खानाको परिकार चढाउँछन् । यसरी चढाएको खानाको परिकार उनीहरुले पाउँछन् भन्ने धार्मिक विश्वास छ । पित्रकाज वर्षको एक चोटी ठूलो दशैं (असोजमा) शुरु भएको खस्टमी (छैठौ दिन) श्रीस मगरहरु सबै दाजु-भाई एकै ठाउँमा जम्मा भई पित्रकाज गर्ने चलन छ । पित्रकाज गर्ने ठाउँ (घर) भने यदि कुनै दाजु-भाईको घरमा कोही त्यस वर्ष भित्र मरेको छ भने सोही घरमा पित्रकाज चढाउछन् । तर वर्ष भरि कुनै दाजु-भाइको घरमा कोही मरु परको छैन् भने सबै भन्दा बुढो-पाको जेठो-पाकोको घरमा गर्दछन् । पित्रकाज गर्ने दिन सबै दाजु-भाइहरुले नुहाइ-धुवाई गरी दाह्री कपाल खौरेर एक छाक मात्र चोखो खाना खान्छन् । वेलुकी सबै पित्रकाज गर्ने घरमा जम्मा भई पित्रीहरुलाई चढाउनको लागि मासु, भात, रक्सी, दुध-दही, रोटी, हरियो सागपात, काँक्रा आदिको विभिन्न खानाको परिकारहरु बनाउछन् । यसरी बनाएको परिकारलाई पवित्र रुखको पातको दुना टपरी गाँसेर त्यसमा परिकार राखी मृत प्रत्येक पूर्खाको नाम पुकारेर चढाउछन् । पहिले-पहिलेका सम्झना भए सम्मको मृत पूर्खाहरु देखि लिएर हाल सालै मरेकाहरुलाई समेत सम्झेर चढाउछन् । चढाउने कममा सबै भन्दा पहिले सतिलाई एक माना चामल, रोटी, पैसा र धजा चढाउछन् । जो सबै भन्दा पहिलेका पित्री हुन् भनि विश्वास मान्दै आएको छ । त्यस पछि अन्यलाई कमैसँग चढाउने काम शुरु गर्दछन् । चढाउने काम सकिएपछि जम्मा भएका दाजु-भाई सबैले विभिन्न थरीका खाना खान्छन् । भोलिपल्ट बिहान पित्रीहरुलाई चढाएको परिकारहरु कन्या केटाकेटीहरुले खान सक्छन् । यसलाई जुठो निकाल्ने पनि भनिन्छ । सतिलाई चढाएको एक माना चामाल, रोटी र पैसा भने सबै भन्दा बुढी पाकी विवाहित चेलबेटीलाई दिने चलन छ ।

यसरी वर्षको एक चोटी पित्रीहरुलाई सम्झेर विभिन्न परिकार चढाउँदा उनीहरु खुशी हुन्छन् र घरको रक्षा गर्दछन्, मनले आँटेको-ताकेको कुराहरु पुर्याउछन् भन्ने विश्वास

गर्दछन् । यो चलन कहिले देखि चल्दै आयो भन्ने सन्दर्भमा लिखित दस्तावेज नभएता पनि हालका बुढा-पाकाहरुले पूर्खौली देखि चल्दै आएको रीति हो भनि बताउछन् ।

## ४.१५ दियाली पूजा

राङ्खानीमा बसोबास गर्ने मगरहरुको थर-उपथरहरुमा श्रीसमगर, पुनमगर, रानामगर, थापामगर, घर्तीमगर सबैले दियाली पूजा वर्षको दुई पटक गर्छन् । यो पूजा बाली लगाउने र बाली भित्र्याउँने बेलामा गरिन्छ । बाली लगाउने बेलाको दियाली पूजालाई उद्यौली पूजा भनिन्छ । उद्यौली दियाली पूजा जेष्ठको शुक्ल पक्ष (उजेली पक्ष) को कुनै शनिबार वा मंगलबारको दिनमा गर्दछन् । दियाली पूजा गर्दा प्रकृती देउदउताहरुलाई र आफ्नो घरको पितृ पूर्खाहरुलाई सम्झेर उनीहरु प्रति श्रद्धा भाव राख्दै खेतबारीमा लगाएको बालीनाली राम्ररी सप्रियोस्, फल, राम्रोसँग फलोस् र उत्पादन बढी होओस् भन्ने कामना प्रकट गर्नुको साथै मनुष्यको लाला बाला देखि बृद्धासम्म रोग ब्याधि नलागोस्, क्षेत्रवेत तर्कियोस्, मनले आँटेको ताकेको पुगोस्, पालेका घरेलु जन्तु जनावर सबैको रक्षा होओस् भनि कामना गर्दछन् । यस पूजा गर्दा कुखुरा बली चढाउँछन् । दियाली पूजाको प्रकृती देउ देवताहरु जस्तैः भीमसेन, गौरे, सौमरे, चौरासी (डाँडा-खोल्सा, पाखा-पखेरा, देउराली, खर्क आदिमा पुज्ने देवता), हुन भने घरको पित्रीहरु कुल्यान, मण्डली, झाँकीझकेनी, चुरेनी वाई (बच्चा जन्माउन नसकेर मरेका पूर्खा), अकालमै अपहत्ते गरेर मरेका पूर्खाहरु र गाई वस्तु गोठको काम गर्ने गोठालो इत्यादि हुन् । पूजा गर्ने दिन विहान सबेरै चोखो पानीले नुहाएर केही पनि नखाई पवित्र मनले पूजा गर्ने स्थान वरपर गाईको चोखो मानिने गोवरले लिप-पोत गरी थान बनाएर गोबरको कुन्डा बनाई तिते पाती (एक प्रकारको सानो वनस्पति) को थान त्यसमा गाडी थानमा रातो, सेतो धजा बाँध्छन् । कुन्डामा गाई भैंसीको दूधको धार राखि चामलको रेखी (पिठो) पनि छर्कन्छन् । यो प्रत्येक देवताको नाममा थान र कुन्डा बनाउँछन् र सबैमा नौबेद ( गाई भैंसीको दूधमा पकाएको चामल, खीर) घिउमा बनाएको चामलको रोटी आदि परिकार चढाउँछन् । सबै थानहरुमा पालैपालो ढाकाको ज्योति बालेर आगोको कोइलामा धुप राखेर सहकाल र शुभलाभको कामना प्रकट गर्दछन् । दियाली पुजामा कुखुरा बली चढाइने हुनाले भीम सेनलाई रातो बासेको भाले, गौरीलाई सेतो वा कटमरे बासेको भाले सौमरेलाई पोथी बली दिन्छन् र अन्यलाई भने धुप, धजा, धार, रेखी र नौबेद परिकार मात्र चढाउँछन् । दियाली पुजामा यसरी बली चढाएको कुखुराको मासु विवाहित चेली बेटी तथा अन्य आफन्तजनहरुलाई बोलाइ सबैले खुशियालीका साथ भोजन गर्ने चलन छ ।

यसै गरी मंसिर महिनाको शुक्ल पक्षको कुनै शनिवार वा मंगलबारमा वाली नाली भित्र्याइएको खुशियालीमा उभौली दियाली पूजा गर्दछन् । यस पालीको दियाली पूजाको तौर तरिका पनि जेष्ठमा गर्ने उद्यौली पूजा जस्तै गरी गरिन्छ ।

## ४.१६ रहनसहन

प्राकृतिक सम्पदा तथा सामाजिक अवस्थाका साथै सांस्कृतिक रुपमा नेपाल धनी देश हो । यो देश गाउँ नै गाउँले भरिएको छ । नेपाल ग्रामीण क्षेत्र बढी भएको मुलुक हो । जसमा अन्य गाउँमा जस्तै आफ्नै किसिमको मौलिक पहिचान रहेको छ । त्यसैले अधिकांश मानिसहरु गाउँमा बसोबास गर्दछन् । ती गाउँहरु मध्ये राङ्खानी गाउँ पनि एक हो । जहाँ जम्मा ९ वटा वडा रहेका छन् । अध्ययनको क्षेत्र नं. ४ श्रीस गाउँ रहेको छ । राङ्खानी गा.वि.स.को बारेमा वर्णन गर्नु पर्दा त्यहाँको सामाजिक, आर्थिक, सांस्कृतिक, आर्थिक कृयाकलाप र रीतिरिवाजको चर्चा गर्नु आवश्यक देखिन्छ । धार्मिक चाडपर्व, धार्मिक परम्परा, धार्मिक विश्वास, धर्म सांस्कृतिक आदिको विषयमा चर्चा गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ । यहाँका मानिसको घरको बनोट, गरगहना, लवाईखुवाइ, जन्म संस्कार, विवाह संस्कारको चर्चा हुनु आवश्यक छ ।

यहाँका बूढापाकाहरुको भनाई अनुसार यहाँका मगरपुर्खाहरु गुल्मी जिल्ला मुसीकोटको दगायकोटबाट खानी खन्ने क्रममा यस ठाउँमा आइ बसेको पाईन्छ । यिनीहरुको जीवन जिउने माध्यम भनेको खानी खन्ने परम्परा थियो । अहिले यिनीहरुको पेशा कृषि नै प्रमुख मानिन्छ । अन्य पेशा सेनामा भर्ती हुने, विदेश गई काम गर्ने गर्दछन् । यिनीहरु समुदायमा मिलेर बसेका हुन्छन् । मर्दा पर्दा, विरामी हुँदा एकले अर्कोलाई सहयोग गर्दछन् । यहाँका मगरहरु अति नै इमान्दार, सोझा हुन्छन् । यिनीहरु अरुलाई मद्दत गर्नु पर्दछ भन्ने मानविय भावना भएका हुन्छन् । घरको बनोट हेर्दा माटो र ढुङ्गा मिलाएर उठाएको हुन्छ । यहाँका घरहरु दुई तले ढुङ्गाको छानो भएको हुन्छ । घरको भित्ता र भुई रातो माटोले लिप्ने गर्दछन् । आजभोलि आधुनिकीकरणले गर्दा यदाकदा सिमेन्टले बनाइएको पनि पाईन्छ । यिनीहरु आफ्नै मगर जातिय समाज भएको ठाउँमा बस्न रुचाउँछन् ।

## ४.१७ भेषभुषा र खानपान

यहाँका मानिसहरुको पोशाकको बारेमा भन्नुपर्दा पुरुषहरुको कमिज, भोटो, कछाड, इष्टकोट, टोपी हो भने महिलाहरुको पोशाक चोलो, गुन्यु, पटुका, गहनामा माडवारी,नाकमा फुली, बुलाकी, सिलिमुन्द्री, ढुंङ्ग्री, बाला, औंठी, कण्ठ, श्रीफूल, चन्द्रमा आदि हुन् ।

तर आजभोलिका युवा युवतीहरुले यस्ता पुराना पोशाक र गहनाहरु ल्गाउन छाडेका छन् । युवाहरु टिसर्ट, पाइन्ट, कोट, शुट, घडी, आदि लगाउछन् भने युवतीहरु कुर्तासुरुवाल, फ्रक, पाइन्ट, सर्ट, साडी, ब्लाउज लगाउँछन् । त्यस्तै गहनाहरुमा कानमा रिङ, टप, चुरी, औंठी आदि लगाउँछन् ।

यहाँका मगर समुदायको खानपानमा भात, रोटी, दाल, ढिंडो, च्याख्ला (मकैको भात) भुटेको मकै, तरकारी, अचार, माछामासु, जाँड रक्सी अदि हुन् । चाड पर्वमा विभिन्न थरीका परिकारहरु बनाएर खाने प्रचलन रहेको छ ।

## ४.१८ धार्मिक चाडपर्वहरु

गौतम बुद्धको जन्मस्थल नेपाल विश्वमानचित्रमा शान्तिप्रिय देशको नामले परिचित रहेको छ । यो बहुजाति, बहुभाषी, बहुसांस्कृतिक र एकतामा अनेकता भएको मुलुक हो ।

राङ्गखानी गा.वि.स.का आदिबासी जनजातिहरु मगर, गुरुङ, नेवार आदि जातिहरुको आफ्नै परम्परागत मौलिक संस्कृति रहेको छ । साथै बाहुन क्षेत्रीहरुको प्रचलित चाड तिज, जनैपूर्णिमा, कुशेऔंसी, ब्रत, उपबास, पुजापाठ, देवकार्य, पितृकार्य त्यस्तै नेवारहरुको लाखेनाच, गाईजात्रा, बेलपूजा, मगर गुरुङको घाँतु, कौरा नाच, नचरी, ल्होसार आदि प्रचलित विविध किसिमका चाडपर्वहरु कला संस्कृति, जन्म, मृत्यु संस्कारका साथै यहाँका आदिबासी जनजाति मगर, गुरुङको संस्कृतिले भरिएको छ ।

त्यस्तै राङ्गखानी ४ का मगर समुदायले मनाउँने गरेको चाड पर्वहरु यस प्रकार रहेका छन् ।

**(क) दशै :**

मगरहरु बौद्धमार्गी हुन् भनिएता पनि राङ्गखानी ४ का मगर समुदायले धेरैजसो चडपर्वहरु हिन्दू धर्म अनुसार मनाउँने गर्दछन् । यहाँका मगरहरुले पहिले पहिले दशैं चाड बिशेष तरिकाले मनाउने गर्थे । जस्तैः घर सफा सुग्घर गर्ने, बाटोघाटो सफा गर्ने

सप्तमीको दिन फुलपाती भित्र्याउने अष्टमीको दिन खसीबोका, सुँगुर काटेर रक्सीसँग खाने गर्छन् । पिङ खेल्ने,नयाँ लुगा लगाउँने, रमाइलो गर्ने प्रचलन छ । नवमीको दिन अर्थात कालरात्रीको दिन सम्पूर्ण फलामे औजारहरुलाई एक ठाउँमा जम्मा पारी कुखुरको भोग दिई पूजा गर्ने चलन छ । यदि कुखुरा नभएको खण्डमा फर्सि, कुभिण्डोलाई पशुको स्वरुप मानी बली चढाउने प्रचलन रहेको छ । दशमीको दिन आफूभन्दा ठूलाको हातबाट टीका थापी आशिर्बाद लिने चलन रहेको छ । यसरी पूर्णिमाको दिन सम्म टीका लगाउन हिंड्ने परम्परा छ । तर अहिले आएर यहाँका धेरै मगरहरुले दशैं पर्व मनाउन छाडेका छन् ।

**(ख) तिहार :**

दशैं पछिको दोस्रो चाड तिहार हो । यस पर्वलाई निकै रमाइलो गरी मनाउने प्रचलन रहेको छ । कौडा हान्ने, जुवातास खेल्ने, देउसी, भैलो खेल्ने, नचरी नाच नाच्ने गर्दछन् । राङ्गखानी ४ का मगरहरु तिहार बिशेष गरी ३ दिन मनाउने गर्दछन् । कुकुर तिहार, गाईतिहार र भाइटीका । कुकुर तिहारको दिन कुकुरलाई घरको रक्षक मानी फूलको माला लागइदिएर मीठा मीठा खानेकुरा दिने गर्दछन् । गाईतिहारको दिन तोरण बाटेर विभिन्न किसिमका फूलहरुले सजाएर गोठको धुरीबाट तानेर रुखमा बाँधि र गाईलाई पनि चामलको पीठोको टीका, फूलको माला लगाइ दिएर पूजा गर्ने चलन छ । त्यसै दिनको बेलुकी साँझमा लक्ष्मी पूजा गरेर धनधान्यले भरिपूर्ण होओस् भनी कामना गर्दछन् । त्यसै गरी भाइटीकाको दिन आफ्ना दिदी बहिनीले दाजुभाइलाई टीका लगाइदिने, टोपीमाला पहिर्याइ रोटी, फलफुल, मिठाइ मसला दिने गर्दछन् र लामो आयुको कामना गर्दै रोग ब्याधी नलागोस् भनी आशिर्बाद दिन्छन् । दाजुभाइले पनि दिदीबहिनीलाई दक्षिणा स्वरुप पैसा, सामान उपहार दिन्छन् ।

**(ग) माघे सक्रान्ति :**

यहाँका मगर समुदायको प्रमुख चाड माघे सक्रान्ति हो । यसलाई खिचडी चाड पनि भनिन्छ । नदीमा गई नुहाइ धुवाइ गरेर आफ्ना पितृदेवहरुलाई खिचडी चढाउने र नाता कुटुम्बहरुलाई बोलाएर खिचडी, तरुल, पिंडालु, घिउ आदि खाने खुवाउने प्रचलन रहेको छ ।

### (घ) बैशाख पूर्णिमा :

बैशाख पूर्णिमा अर्थात नयाँ साल यस दिनमा यहाँका मगरहरुले मौरीको महको टीका लगाउने र खाने गर्दछन् । आफन्तजनहरुलाई बोलाएर मीठा मीठा परिकार बनाइ खुवाउने र खाने चलन छ । पहिले पहिले घाँटु नाच, कौरा नाच नचाउने गर्दथे । त्यसरी घाँटु नचाएको ठाउँमा टाढा टाढाका गाउँबाट मानिसहरु हेर्न आउने गर्थे । तर अहिले ती घाँटु गीत गाउँने बुढापाका मानिसहरुको मृत्यु भैसकेको छ । त्यसैले आजभोलि त्यस्ता चलनहरु लोप भएको अवस्था छ ।

## ४.१९ धार्मिक परम्परा, विश्वास र धर्म :

हाम्रो देश नेपालमा राष्ट्रय एवं क्षेत्रिय र स्थानीय स्तरमा भ्रण्डै प्रत्येक दिन जसो प्राय कुनै न कुनै तवरबाट बिभिन्न पूजा आज तथा चाडपर्व सम्बन्धी ठूला तथा साना उत्सवहरुको आयोजना भई रहेको हुन्छ । त्यसैले नेपाल विश्व सामु चाडै चाडको देश भनी परिचित छ । वास्तवमा धर्म मानिसलाई अनुशासित बनाउने सामाजिक एवं धार्मिक नियम हो । मानिसहरुले बढी दुःख पाए पछि दुःखबाट मुक्त हुनको लागि पूजाआजा गर्ने चलनको शुरुवात भएको पाईन्छ । कतिपय समुदायले प्राकृतिक बस्तुहरुलाई पूजा गरेर धर्मको पालना गरेको पाईन्छ । नेपालका विभिन्न समुदायका मानिसहरुले विभिन्न किसिमका धर्म अवलम्बन गरेको पाईन्छ । सबै जसो धर्ममा प्रकृतिको पूजा गर्ने प्रचलन रहेको पाईन्छ । त्यस्तै राङ्गखानी ४ का मगरपुर्खाले पनि बढी प्रकृतिको पूजा गर्थे । खानी खन्नु भन्दा अगाडि कुनै प्रकृतिक प्रकोप नहोस् र देवी देवताहरुले सुरक्षा गर्छन् भन्ने विश्वास उनीहरुमा थियो । हाल पनि यहाँका मगर समुदायले प्रकृतिको पूजा गर्दछन् । यिनीहरुले मान्ने प्रमुख देवी देवताहरु काली, दुर्गा, भैरव, माइ, वाइ, नाग आदिको पूजा गर्दछन् । मगर समुदायका मानिसहरु हिन्दू धर्म र बौद्ध धर्मका मिश्रित संस्कारहरु मान्दछन् । यहाँका मगर समुदायले ढुङ्गा र बोटबिरुवाको थान बनाएर कुखुरा, भेडाको पाठा (साँड), परेवा आदि बली चढाएर भूत, प्रेत, पिचाश हटाउने विश्वास गर्दछन् । कुनै ब्यक्ति विरामी भएमा धामी भ्राँक्रीकहाँ लगेर भ्रारफुक गर्ने र बुटी बाँधिदिने चलन छ । त्यसैले यी मगरहरु रुढीबादी परम्परामा पनि विश्वास गर्ने हुनाले अन्धविश्वास प्रति पनि भ्रुकाव रहेको देखिन्छ । तर अहिलेको अवस्थामा नयाँ पिढिमा यस्ता प्रचलन धेरै हटिसकेको छ ।

## ४.२० गीत तथा संगीतका सामानहरु

मगर जाति बढी रोदी बस्ने, नाच गान गर्ने र रमाइलो गर्ने गर्दछन् । यस राङ्खानी ४ का मगर समुदायले झ्याउरे, सालैजो, चुट्का, यानीमाया जस्ता गीत, रोदी बस्दा तथा खेतबारी मेलपातमा र बनपाखामा गाउने गर्दछन् । यी गीत गाउँदा सँगीतका सामानहरु मादल, डम्फु, खैंजडी, बाँसुरी आदि बजाउँछन् ।

### ४.२०.१ भौतिक सम्पत्ति

जुन सामान दैनिक कामको लागि प्रयोगमा ल्याईन्छ त्यसलाई भौतिक सम्पत्ति भनिन्छ । यहाँका मगर समुदायले कतिपय सामान आफै पनि तयार गर्दछन् । जस्तै : गुन्द्री, डोको, डालो, नाम्लो, थुङ्से, सुकुल, पलङ, पेरुङ्गो, दाम्लो आदि आफ्नै सिपले तयार पारेर प्रयोग गर्दछन् ।

### ४.२०.२ कृषि औजार

यस वडाका मगर समुदायले कृषि क्षेत्रमा प्रयोग गर्ने कृषि औजारहरु हलो, कुटो, बाउसो, कोदालो, हँसिया आदि हुन् ।

### ४.२०.३ भाँडा वर्तन

यहाँका मगरहरुले दैनिक प्रयोग गर्ने भाँडा वर्तनहरु थाल, कचौरा, गिलास, अंखरा, खड्कुलो, ताउलो, गाग्री, कसौंडी, डाडु, पन्यु, तावा, डिक्ची, बाल्टीन आदि हुन् ।

## ४.२१ आर्थिक पक्ष

कुनै पनि समुदायमा त्यहाँको आर्थिक अवस्थाले हरेक क्षेत्रलाई असर पारेको हुन्छ । जुन ठाउँको मानिसहरुको आर्थिक पक्ष बलियो हुन्छ त्यस ठाउँको मानिसहरुको शैक्षिक, सामाजिक, स्वास्थ्यको स्थिति राम्रो हुन्छ । तर यहाँका मगरपुर्खाहरुले आफ्नो प्राणलाई जोखिममा पारेर खानी खन्थे तर आर्थिक सम्पन्न कहिल्यै भएनन् । समयको अन्तरालमा विभिन्न उतरचढाव हुँदै अहिलेको समयमा आइपुग्दा यिनीहरुले गर्ने मुख्य पेशा कृषि र पशुपालन हो । हाम्रो जस्तो विकाशोन्मुख र भू-परिवेष्ठिट देशका लागि कृषि अन्तर्गत खेतीपाती, पशुपञ्छी, फलफुलखेती उद्योग व्यवसाय, ज्याला मज्दुरी र नोकरीलाई लिन सकिन्छ ।

### ४.२१.१ पेशागत विवरण

मानिसले आफ्नो जीवन चलाउनको निम्ति कुनै न कुनै पेशा अपनाएकै हुन्छ । यस राङ्खानी ४ का मगरहरुले अपनाएको पेशा कृषि, नोकरी, बन्द ब्यापार, आदि हुन् ।

### ४.२१.२ कृषि उत्पादनमा रहेको संलग्नता

यस वडाका बासिन्दाले उत्पादन गर्ने विशेष कृषि फसलमा धान, मकै, गहुँ, कोदो, तोरी, मास, बोडी, सिमी, केराउ, भटमास, मस्याङ आदि रहेका छन् । मकै मान्छेले खाने बाहेक वस्तु भाउलाई पीठो र दाना खुवाउने गर्दछन् । यो निकै पोसिलो अन्न मानिन्छ । त्यसैले मकैलाई मुख्य खाद्य वालीको रुपमा लिएका हुन् । त्यस्तै कोदोको विशेष गरी रोटी, ढिडो खानाको रुपमा प्रयोग गर्दछन् र जाँड रक्सी बनाउने काममा प्रयोग गर्दछन् । यहाँका मानिसहरुले गहुँको विशेष गरी रोटी खानको लागि प्रयोग गर्दछन् ।

### ४.२२ घरको बनावट र किसिम

यस वडाका मगर समुदायमा घरको बनोट प्राय एकै किसिमको पाईन्छ । यिनीहरु घर बनाउन अघि घडेरीको माटो खनेर ज्योतिषसँग हेराएर शुभ अशुभ छुट्टयाउने गर्दछन् । यदि त्यस घडेरीमा शुभ लाभ हुन्छ भन्ने ज्योतिषीले विश्वास दिलाए पछि जग खनेर पूजा गर्दछन् र घर बनाउने काम शुरु हुन्छ । त्यसपछि माटो मुछेर ढुङगाले गारो लगाउँदछन् र आवश्यकता अनुसार १,२ वा सो भन्दा बढी आँखी झ्याल हाल्दछन् र ढोकाहरु पनि आवश्यकता अनुसार राख्दछन् । यहाँका मगर समुदायको घरहरु प्राय दुईतले बनाउँछन् । घरको छानो ढुङ्गाले छाउछन् कसै कसैले भने खरले पनि छानो छाउँछन् । घरको भित्ताको माथितिर सेतो कमेरो माटो लगाउँछन् । भित्ताको तलतिर रातो माटोले लिप्दछन् र पिंढी साधारण माटोले लिपपोत गर्दछन् । घरको नजिकै सजिलै हेरचाह गर्न सकिने ठाउँमा गाई भैंसी, बाख्रा, कुखुरा र सुँगुरको खोर र गोठ बनाउँछन् ।

### ४.२३ शिक्षा

यस गा.वि.स.मा हाल १० वटा शैक्षिक संस्थाहरु रहेका छन् । जसमध्ये १ उच्च मा.वि., २ मा.वि., ४ वटा प्रा.वि., ३ वटा निजी विद्यालयहरु रहेका छन् । राङ्खानी गा.वि.स.मा रहेका उच्च मा.वि.का मगर विद्यार्थी र अन्य विद्यार्थी संख्या तल तालिकामा उल्लेख गरिएको छ ।

### श्री राङ्खानी उच्च मा.वि. राङ्खानीका मगर विद्यार्थी र अन्य विद्यार्थी संख्या

### तलिका नं.२

| कक्षा | मगर विद्यार्थी संख्या | अन्य | जम्मा |
|---|---|---|---|
| १ | ७ | ६ | १३ |
| २ | १३ | ८ | २१ |
| ३ | ८ | ९ | १७ |
| ४ | १० | ८ | १८ |
| ५ | १३ | ५ | १८ |
| ६ | ५४ | १३ | ६७ |
| ७ | २९ | १२ | ४१ |
| ८ | ५४ | ७ | ६१ |
| ९ | ५५ | ११ | ६६ |
| १० | ३७ | ८ | ४५ |
| ११ | ३० | ५ | ३५ |
| १२ | ३७ | ३ | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०५७ ।

यस उच्च मा.वि.मा मगर विद्यार्थी संख्या कक्षा १ देखि कक्षा १२ सम्म नै अन्य जातिको तुलनामा बढी रहेको छ । यस विद्यालयमा अन्य गा.वि.स. बाट पनि विद्यार्थीहरु पढ्न आउँछन् ।

# परिच्छेद-पाँच

## ५.१ राङ्खानीका मगरहरुको खानी खन्ने परम्परा र त्यसले उनीहरुको सामाजिक आर्थिक जीवनमा पारेको असर

खानीको वास्तविक अर्थ जमिन खनेर सुरुङ्ग बनाइनु हो । त्यसरी सुरुङ्ग बनाएर जमिन भित्रको खनिज तत्वलाई बाहिर निकालेर प्रशोधन गरेपछि मानव जीवनमा प्रयोगमा ल्याउनु हो । खनिज पदार्थहरुमा फलाम, सुन, तामा, सिसा, ग्यास, पेट्रोल आदि पर्दछन् ।

नेपालको भू-भागमा यस्ता धातुहरु पाईने स्थान प्रशस्त मात्रामा भएको पाईन्छ । यहाँका बूढापाकाको भनाई अनुसार मानिसहरुले खानी खनेर धातु निकाली प्रशोधन गरी विभिन्न आवश्यकिय बस्तुहरु प्रयोजनका लागि बनाइनुका साथै जीवन निर्वाहका माध्यम समेत खानी थियो । भौतिक विकास निर्माणका पूर्वाधारहरु पनि धातु नै हुन भने कुनै समय नेपालको राष्ट्रिय आयको मुख्य स्रोत यिनै खानीबाट निएकालिएका खनिज धातुहरु थिए ।

यसरी खानी खन्ने जातिहरुमा राङ्खानी ४ का मगर पुर्खाहरु पनि गुल्मी मुसीकोटको दगायकोटबाट खानी खन्दै खन्दै, सर्दै सर्दै राङ्खानीमा आइपुग्दा प्रशस्त धातु भेटिने सम्भावना देखेर यहीं स्थाई रुपमा बसोबास गरे । खानी खन्ने काम सजिलो नभई अत्यन्त कष्टपूर्ण थियो । खानीभित्र सुरुङ्ग खन्दा जमिन भत्केर च्यापी ज्यान गुमाउनु परेको दु:खदायी कहानी यहाँका मगर बुढापाकाहरुले बताउँछन् । खानी भित्र सुरुङ्ग खन्न फलामका औजारहरु छिनो, घन, टाङ्गा जस्ता सामाग्रीहरु प्रयोग गर्दथे । साथै स्थानीय ठाउँमा पाइने श्रोत साधनहरुलाई पनि प्रयोगमा ल्याइन्थ्यो । खानी भित्र सुरुङ्ग खन्दा हल्का काममा महिलाहरुको पनि संलग्नता हुन्थ्यो । खानी खन्ने कार्य सामुहिक रुपमा हुन्थ्यो । एक ठाउँमा खानी खनेर सके पछि अर्को ठाउँमा सर्दा खानी खन्ने फलामका औजारहरु जाबो (पुवाको रेसाबाट बनाएको झोला) भित्र राखी बोकेर लैजान्थे ।

यहाँका स्वाभिमानी सोचाइ भएका मगरहरु परिश्रमी र कर्मशील छन् । आदिम कालदेखि नै परम्परा र सँस्कृतिको धनी छन् । यहाँका बुढा पाकाहरुको भनाई अनुसार हाम्रा जिजु चेप्जु पूर्खाहरुले खानी खन्थे र खानी खन्दा अहिले जस्तो आधुनिक साधन र प्रविधिको सुविधा थिएन् । तर खानी खन्नको लागि सामान्य फलामको औजार (ताङ्गा, घन, छिनो) र उज्यालोको लागि स्थानिय ठाउँमा पाइने बाँस निगालाको मसिना चिरा बनाएर त्यसलाई आगो बाली खानी भित्र उज्यालो बनाएर खन्ने कार्य गरिन्थ्यो । यसरी खानीबाट निकालेको तामाको धातुलाई धाऊ भनिन्थ्यो । यस धाऊलाई आफर (प्रसोधन गर्ने विधि)

मा खारेर (प्रसोधन) शुद्ध तामाको धातु बनाईन्थ्यो । त्यस पछि मात्र प्रयोजनको लागि तैयारी हुन्थ्यो । यसरी निकालिएको तामा सरकारलाई कर (राजकर) तिर्नु पर्दथ्यो ।

## ५.२ खानी खन्ने परम्पराको उत्पत्ति

राङ्खानीका मगरहरुको खानी खन्ने परम्पराको उत्पत्ति कहिले र कसरी भयो भन्ने कुरा अझ पनि अनुसन्धानको विषय बनेको छ । खानी खन्ने परम्पराबारे केही लेख्य प्रमाणहरु पाइएको छैन । तर पनि यहाँका मगरहरुले खानी सम्बन्धि केही नालीबेली लेभनेको आधारमा र यस ठाउँमा खानी खनिएका सुरुङ्गहरु अवशेषको रुपमा देख्न पाइएकोले यसबारे अध्ययन, खोज र अनुसन्धान गर्न जरुरी ठानियो ।

यस खानी खन्ने परम्परा खोज अनुसन्धानमा शोधकर्ताको पहिलो प्रयास भएकोले खानी खन्ने परम्पराको उत्पत्तिबारे अध्ययन गर्न बाँकी रहेको पाठक सामु जानकारी गराउँदछु ।

यहाँका मगरपुर्खाहरु कहिले र कहाँबाट आई यहाँ बसे भन्ने सन्दर्भमा लेख्य कागजपत्र प्रमाण केही नभए पनि यस ठाउँका बूढापाकाहरुका भनाई अनुसार राङ्खानीका श्रीस मगरहरु गुल्मी जिल्ला मुसीकोटको दगाय कोटबाट जीवन निर्वाहका लागि खानी खन्ने क्रममा बसाई सराई गर्दै करिव १०/१२ पुस्ता अगाडि यस बागलुङ जिल्लाको राङ्खानीमा आइपुगेका हुन् । यो ठाउँको नाम पनि खानीसँग नै सम्बन्धित छ । यहाँका बूढापाकाहरुका अनुसार खानी खन्ने क्रममा राँगाको गर्धन जत्रो तामाको धाउ भेटिएकाले राङ्खानी नाम रहेको हो भन्ने दावी गर्दछन् । यस ठाउँमा प्रशस्त तामाको धाउ पाइने अनुमान गरी यसै ठाउँमा मगरहरुले स्थाई रुपले बस्ती बसाले । केही समय पछि यस बस्तीमा आगोलागी भयो र हैजा जस्तो माहामारी रोग फैलिए पछि त्यहाँको मगर बस्ती ध्वस्त भै तहसनहस हुँदा को कहाँ गयो थाहा नभएको र केही बाँचेकाहरु त्यहीँ स्थायी रुपमा बसोबास गर्न थालेको कुरा उनीहरुले बताए । उनीहरुकै भनाइ अनुसार बसाई सर्दै आउँदा यिनीहरुले आफैसँग रक्षा र शक्तिको प्रतिकको रुपमा विश्वास गरि खडग ( खुँडा) पनि बोकेर ल्याएका थिए । यसरी ल्याइएको खडग हालसम्म राङ्खानी गाउँको डाँडाखानीमा खडगको थान (देवीको थान) बनाएर ब्यवस्थित रुपमा अझ पनि सुरक्षित छ । त्यस खडगको थानमा दशैँको अष्टमीमा पञ्चबली दिइन्छ र चैत्राष्टमीमा पनि बली चढाउने चलन हाल सम्म कायमै छ ।

## ५३.खानी खन्ने परम्पराको सामाजिक महत्व

यहाँका मगर खानी खन्ने काममा सबैजना एक आपसमा मिलेर खन्थे । महिला पुरुष दुबैको सहभागितामा खानी खन्ने काम सम्पन्न हुन्थ्यो । पुरुषहरु खानी खनेर सुरुङ्ग बनाई भित्र भित्र गई जोखीमपुर्ण कार्य गरी धाउ बाहिर निकाल्ने काम गर्दथे भने महिलाहरु सुरुङ्गभित्रबाट बाहिर ढुङ्गामाटोहरु निकाल्ने काम, धाउ धोइ पखालि गर्ने, आफर सफा गर्ने, खलाती लगाउने काममा संलग्न हुन्थे ।

यसरी जीवन चलाउनको लागि विना भेदभाव सामुहिक रुपमा सहभागी भई सद्भाव पूर्ण एकतामा जुटेर यस कार्यमा लागी पर्दथे । उनीहरुमा लैङ्गिक र सामाजिक विभेद थिएन ।

यहाँका मगर पुर्खाहरु खानी खन्नु भन्दा अगाडि जमिन खन्ने औजारहरुलाई पूजा गर्थे । खानी खन्दा कुनै किसिमको चोटपटक नलागोस् अथवा मृत्युको शिकार हुन नपरोस् भनी शक्ति मागी मनोकांक्षा ब्यक्त गर्थे । त्यही प्रचलनको अवशेष अझ पनि बाँकी रही हाल कृषि क्षेत्रमा प्रयोग गरिने फलामे औजारहरुलाई दशैको अष्टमीमा कुखुराको बली चढाइ पुज्ने चलन रहँदै आएको छ ।

## ५.४ खानी खन्ने परम्पराको आर्थिक महत्व

मानव सभ्यताको विकाससँगसँगै आर्थिक विकासको पनि उन्नती हुँदै आएको पाईन्छ । मानिस जिउनको लागि आर्थिक पक्ष नै बलियो आधार हो । जस बिना मानव जीवन निरर्थक हुन्छ । त्यसैले आर्थिक पक्ष मानविय जीवनलाई जिवित राख्ने आधार हो । खानी खन्ने कार्य र आर्थिक पक्ष वीच पनि निकै महत्वपूर्ण सम्बन्ध छ । खानी खनेर निकालिएका धातुहरुले ब्यक्ति, परिवार, समाज र राष्ट्रको आर्थिक विकासम महत्वपूर्ण भूमिका खेल्दछ । जस्तैः दैनिक जीवनमा प्रयोग हुने धातुका भाँडाकुँडा तथा अन्य विभिन्न सामाग्रीहरुहरु निर्माण देखि लिएर राष्ट्रका भौतिक पूर्वाधार निर्माणका आधारशिलाहरु, उद्योग धन्दा, कल कारखानाका लागि आवश्यक पर्ने मेसिन कलपुर्जाका आवश्यकता धातुबाटै पुर्ति हुन्छ । यसरी धातुबाट निर्मित सामाग्रीहरु राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमा निर्यात व्यापारले राष्ट्रको आर्थिक विकासमा ठूलो टेवा दिन्छ । नेपालमा पनि १९ औं शताब्दी देखि २० औं शताब्दीको शुरुवातसम्म खनिज पर्दाथ सरकारको प्रमुख आयस्रोतहरु मध्येको एक थियो । तसर्थ केन्द्रिय राणा सरकारले खानी खन्नेहरु माथि प्रत्यक्ष नियन्त्रण गर्दथ्यो ।

## ५.५ खानी खन्ने परम्पराको आर्थिक असर

यस राङ्खानीका तत्कालीन खानी खन्ने मगरहरुको आर्थिक पक्षको सम्बन्धमा अत्यन्त दुःखदायी पूर्ण रहेको देखिन्छ । किनभने खानी खन्ने कार्यमा पुरानो परम्परागत तरिका र पुरानै शैलीका औजार सामाग्रीहरुको प्रयोग तथा सरकारी सहयोगको अभाव, श्रमको सरकारी चर्को शोषण आदिले गर्दा यहाँका खानी खन्ने मगरहरुको आर्थिक स्थिति दयनीय थियो । खानी खनेर निकालिएका धातुको आधा भाग सरकारलाई कर तिर्नु पर्दथ्यो । खानी माथि आफनो पूर्ण हक, अधिकार र स्वामित्व थिएन् । सरकारी कडा निगरानी थियो । जसले गर्दा आर्थिक रुपमा यहाँका मगरहरु कहिल्यै आर्थिक सम्पन्न हुन सकेनन् ।

जे जसरी भए पनि तत्कालीन मगरहरुले खानी खनेर नै जीवन निर्वाह गर्दथे । तर पनि त्यसबेला जहाँनिया राणाशासन कायम रहेकोले सरकारी तवरबाट यहाँका खानी खन्ने मगर पुर्खाहरुलाई प्रोत्साहन र उचित ब्यवस्था हुन सकेन । उल्टै यी जातिमाथि उपेक्षा गरियो । फलस्वरुपः यहाँका खानी खन्ने मगरहरुको जीवन कष्टकर र गरिब बन्दै गए । सरकारी सहयोगको अभाव र प्रतिकूल परिस्थितिको साथै खानी खन्ने काम कठोर र जोखिमपूर्ण भएकोले कालान्तरमा यस परम्पराको लोप हुँदै गयो । तर खानी खन्ने परम्परा नरहे पनि राजकर भने तिर्नै पर्दथ्यो । जसको कारण घरमा भएका धातुका सामानहरु तामाको गाग्री, ताउलो समेत राजकर तिर्नु पर्दथ्यो । त्यसैले उनीहरुलाई राजकर तिर्न निकै गाह्रो हुँदै गयो र यस्तै खानी खन्ने अन्य विभिन्न ठाउँका मुखियाहरु जम्मा भई नेपाल (काठमाडौं) गएर नेपाल सरकारलाई बिन्तीपत्र चढाए । त्यसबेला शासनसत्ता संहालेका चन्द्रशम्शेरबाट पाल्पाको बालनरसिंह रायमाझी कर्णेललाई खानी भए नभएको खबर बुझ्न पठाई म्याग्दीको बलौटा गाउँमा गई खानी गाउँका मुखियाहरुलाई भेला पारेर खानी खन्ने वा नगद तिर्ने भन्ने प्रश्नमा सहभागी मुखियाहरु नगद तिर्न मन्जुर भए । त्यसपछि चन्द्रशम्शेरबाट मोहोर (५० पैसा) तिर्नु भन्ने हुकुम भयो ।

कमिक रुपमा खानी खन्न छाडेपछि जग्गा जमिनमा खेतीपाती, पशुपालन गर्न थाले । ब्राहम्ण क्षेत्रीहरुले मगरहरुलाई पनि खेती गरेवापत राजकर तिर्नुपर्छ भनी सरकार समक्ष उजुरी दिएपछि जग्गा जमिनको नापी गरी राजकर तिर्नुपर्ने ब्यवस्था भयो । यसरी एकातिर खानी खन्ने काम अति नै दर्दनाक थियो भने अर्कोतिर धातु उपलब्ध हुन छाड्दै गए पछि र अन्य विविध कारणहरुले खानी खन्ने परम्परागत पेशा लोप हुँदै गयो र यसको अलवा खेतीपाती र पशुपालन गर्न शुरु गरे ।

## ५.६ आर्थिक स्थितिमा आएको परिवर्तन

यहाँका मगर पूर्खाहरुले खानी खनेर आर्थिक पक्षमा सबल कहिल्यै हुन सकेनन् । किनभने सरकारी तवरबाट खानी माथि पूर्ण नियन्त्रण थियो । समयको अन्तरालसँगै परिवर्तन हुँदै आए पछि यस खानी खन्ने परम्पराको लोप भई खेती, पशुपालन गर्नेतिर उन्मुख हुन थालेको पाईन्छ । पहिले यिनीहरु कृषि तथा पशुपालनमा मात्र सिमित रहन्थे र बढी आय आर्जन गर्न सक्ने स्थितिमा थिएनन् । तर आजभोलि प्रत्येक घरबाट आफना छोराहरु आर्थिक आयआर्जन वा पैसा कमाउनको लागि बैदेशिक रोजगारमा पठाउन थालेका छन् । आर्थिक पक्षमा पनि परिवर्तन आएको पाइन्छ । यसको अलवा स्वदेशमै व्यापार व्यावसाय सञ्चालन, सरकारी तथा नीजि क्षेत्रको जागीरमा सेवारत छन् । जसको कारण पैसाको अभावलाई केही पूर्ति हुने काम भएको छ । यसरी आर्थिक परिवर्तनले गर्दा यिनीहरुको जीवन शैलीमा पनि परिवर्तन आएको देखिन्छ ।

## ५.७ खानी खन्ने विधि

राङ्गखानी ४ का बुढापाकाहरुको भनाई अनुसार यहाँका मगर पुर्खाहरुले खानी खनेका थिए र त्यस क्रममा उनीहरुले खानी खन्दा कसरी खन्थे भन्ने सम्बन्धमा दुःखै दुःखका नालीबेली सुनाउने गर्छन् । तत्कालिन समयमा खानी खन्दा आजभोलिको जस्तो आधुनिक साधन र प्रविधिको अभाव थियो । जमिनभित्र भएको धातुलाई नाकले सुँघेर पत्ता लगाई त्यस्ता ठाउँहरुमा सुरुङ्ग खन्थे । त्यहाँका विकट, अप्ठ्यारा, भिरालो, कडाचट्टानले बनेका जमिनमा कडा परिश्रम गरेर खानी खन्दथे । जमिनभित्र लामो दुरीसम्म सुरुङ्ग खन्नुपर्ने भएकोले यो कार्य धेरै कठिन थियो । सुरुङ्गभित्र उज्यालो बाल्नको लागि स्थानीय ठाउँमा पाइने बाँस निगालालाई मसिना चिरा बनाएर त्यसलाई पानीमा एक हप्ता सम्म भिजाई बाहिर निकाली घाममा राम्ररी सुकाएपछि त्यो उज्यालो बाल्नको लागि तयार हुन्थ्यो । यसरी तयार पारिएको बाँस, निगालाको मसिना चिरालाई बालेर अर्को छेउबाट मुखमा च्यापी सुरुङ्गभित्र उज्यालो बनाई खन्ने कार्य गर्दथे ।

सुरुङ्ग खन्दा फलामका विभिन्न औजारहरु बनाएर जस्तैः घन, छिनो, टाङ्गा इत्यादिले खन्ने काम गर्दथे । स्थानीय ठाउँमा पाईने बाँस निगालाको सामाग्री बनाई त्यसैको सहायताले सुरुङ्गभित्रबाट निस्केका माटो, ढुङ्गा बाहिर निकाल्थे । यसरी खानीबाट बाहिर निकालेको कच्चा धातुलाई प्रसोधन गर्नको लागि ओखलमा कुटेर पानीले राम्रोसँग त्यसलाई धोइ पखाली गर्दथे त्यसलाई आफरमा पगालेर शुद्ध धातु तयार परिन्थ्यो । त्यसपछि मात्र धातु विभिन्न सामाग्री, औजार बनाउँनको लागि तैयार हुन्थ्यो । माटो ढुङ्गा बाहिर निकाल्ने कार्य, कच्चा धातु कुट्ने, त्यसलाई धोइपखाली गर्ने जस्ता काममा प्राय महिलाहरुले

सहयोग गर्दथे । यस्ता खानी खनेका सुरुङ्गका ठाउँहरु प्रशस्त मात्रामा आजसम्म पनि देख्न पाईन्छ ।

## ५.८ खानी खन्ने परम्परामा आएको परिवर्तन

यस वडाका मगर पुर्खाहरुले विगतकालमा खानी खनेर जीवन निर्वाहा गर्थे । तर खानी खन्ने काम अत्यन्तै गाह्रो र जोखिमपूर्ण थियो । खानी खन्ने क्रमको समय वित्दै जाँदा धाउ पाइने स्थानको अभाव हुँदै गयो । त्यसैले खानी खन्ने कार्यमा कमी आउनु स्वभाविकै थियो । खानी खन्दा अत्यन्तै कडा परिश्रम गर्नु पर्दथ्यो । सुरुङ्ग भित्रको धुवा र धुलोले स्वास्थ्यलाई असर पुराउदथ्यो । जसले गर्दा अप्लायुमै मृत्यु हुन्थ्यो । यसरी खानीबाट निकालिएका धातु सरकारलाई राजकर तिर्नु पर्दथ्यो । खानी खन्नेहरुको लागि सरकारी सरसुविधा र सहयोग उपलब्ध थिएन् । खानी खन्नेहरुको परिश्रम माथि सरकारी शोषण चर्को थियो ।

खानी खन्ने क्रम कमी हुँदै जाँदा र लोप सम्म हुँदा पनि सरकारले खानी खन्न दवाव दिन्थे । सरकारी आदेश नमाने जरिवाना गर्ने समेत भएकोले तत्कालिन मगरपुर्खाहरु आ-आफ्ना घरमा बचे खुचेका धातुका सामाग्रीहरु गाग्री, ताउलो करको रुपमा सरकारलाई तिर्न बाध्य हुन थाले । यो पनि सम्भव नभए पछि राणा सरकार चन्द्रशम्शेरको हुकुम बमोजिम मोहर (५० पैसा) तिर्न थाले । समयको अन्तरालसँगसँगै यहाँका मगरहरु खेतीपाती र पशुपालन गर्न थाले । साथसाथै समय परिस्थिती परिवर्तन सँगै जीवन निर्वाहाको लागि विभिन्न स्रोत र साधनको खोजीतर्फ लागे ।

यसरी खानी खन्ने परम्परामा परिवर्तन आइ यहाँका खानी खन्ने मगर सन्ततीहरुको हालसम्म आउँदा यिनीहरुको पेशा भनेको खेतीपाती, सरकारी जागिर, बन्दब्यापार, वैदेशिक रोजगार आदि रहेको छ ।

## ५.९ खानी खन्ने परम्परामा विगत र वर्तमानमा देखिएको परिवर्तन

यहाँका मगर पुर्खाहरुले विगतकालमा खानी खन्ने परम्पराबारे यसै परिच्छेद पाँच को ५.१ मा विस्तृत रुपमा वर्णन गरिएको छ भने खानी खन्ने परम्पराको वर्तमान अवस्थामा खानी खन्ने परम्परा लोप भैसकेको छ । यस खानी खन्ने परम्परा लोप भएता पनि खानी

खनिएका प्रमाणका रुपमा सुरुङ्ग, खानीबाट निकालिएका तामाका भाँडाकुँडाहरु जस्तै : ताउलो, गाग्री, माना आदि रहेका छन् । यसरी खानी खन्ने परम्परा अहिले लोप भैसकेकोले यसको अलवा यहाँका मगरहरुले जीवन निर्वाहाको लागि कृषि, पशुपालन, ब्यापार, सरकारी जागिर, वैदेशिक रोजगारलाई अंगाल्दै आएका छन् ।

# परिच्छेद-६

## ६.१ अध्ययनको सारांश र निष्कर्ष

### ६.१.१ सारांश

विविध जातजातिहरुको मनोरम सँगम स्थल नेपालमा विभिन्न भाषा, धर्म र सँस्कृतिको समिश्रण रहेको पाइन्छ । यसै गरि यहाँका कला र साहित्यले पनि यसमा उर्जा थपेको छ । १०१ जातजाति र ९२ भाषा-भाषीहरुको एउटै समाज नेपाल जहाँ हिमाली, पहाडी क्षेत्रका शेर्पा, मगर, गुरुङ्ग, तामाङ्ग, राई, लिम्बु हुदै तराइका थारु, धिमाल, मेचे, कोचे सम्मका जातजातिहरु आफ्नो सँस्कार, रीतिरिवाज र परम्परालाई दिगो रुपमा कायम राख्न आपसी सद्भाव र एकताले टेवा प्रदान गर्दछ । देशको विभिन्न जातजातिहरुको धर्म सँस्कृति, उनीहरुका परम्परागत मौलिक सँस्कृति, ज्ञान, सीप, कला र साहित्य राष्ट्रका आधार स्तम्भ हुन् । राष्ट्रिय मौलिकता र विशिष्टताको उत्थान र संरक्षणको लागि आदिवासी जनजातिहरुको सँस्कृति र धर्मको प्रचार प्रसार हुन अति आवश्यक देखिएकोले शाधकर्ताले बागलुङ जिल्लाको राङ्गखानी गा.वि.स.मा बसोवास गर्ने मगर समुदायको खनी खन्ने परम्पराको एक समाजशास्त्रिय अध्ययनमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

शोधकार्य यहाँका मगर समुदायको खानी खन्ने परम्परा विषयसँग अन्तरनिहित कारणहरु खोज्ने गरि खानी खन्ने परम्पराको सामाजिक, आर्थिक, धार्मिक महत्व साथै यस परम्पराको विगत वर्तमानमा देखिएका परिवर्तनका सन्दर्भमा खोज मुलक तथ्यमा आधारित रहेर पूर्णरुपमा स्थलगत अध्ययन गरि वर्णनात्मक ढाँचा (Descriptive Research design) मा आधारित रहेको छ ।

प्रस्तुत शोधपत्र बागलुङ जिल्लाको राङ्गखानी गा.वि.स. वडा नं. ४ का १३ जना सूचना कर्तासँग प्रत्यक्ष अन्तरवार्ता लिई यस शोधपत्रमा समेटिएको छ । अध्ययन क्षेत्रमा राङ्गखानी ४ का बुढापाका खानी खन्ने परम्परा सम्बन्धी जानकार व्यक्तिहरुसँग छलफल र शोधपुछ गरी तथ्याङ्क संकलन गरिएको छ ।

१) मगर समुदाय नेपालको प्राचीन तथा आदिम जाति रहेको कुरा शोधकार्यबाट थाहा हुन्छ । मगरको उत्पत्तिको सन्दर्भमा विज्ञहरुबीच मत भिन्नता रहे पनि विभिन्न लेख रचना सामाग्रीहरुले गर्दा यी जाति नेपालको आदिवासी मध्ये एक हुन् ।

२) नेपालको जनगणना २०५८ अनुसार मगरको कुल जनसँख्या १६,२२,४२१ रहेको देखिन्छ । अर्थात कुल जनसँख्याको ७.१४ प्रतिशत हो । मगर जाति कुल जनसँख्याको आधारमा तेस्रो स्थानमा आउदछ । यी मगरहरुमध्ये खानी खन्ने मगरहरुको खानी खन्ने परम्पराको पहिचाहन र अस्तित्व रक्षाको निम्ति खोज मुलक अनुसन्धान गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

३) खानी खन्ने परम्पराको उत्पत्ति कहिले, कहाँ र कसरी भयो? भन्ने कुराको लिखित दस्तावेज प्राप्त गर्न कठिन छ । यस राङ्गखानीका मगर पुर्खाहरुले करिब दश-बाह्र पुस्ता अघि यस ठाउँमा खानी खन्दै आई पुगी बसोबास गरेका हुन् भनि यहाँका बुढापाकाहरुको अनुमान छ ।

### ६.१.२ निष्कर्ष

फरक भाषा, धर्म, संस्कृति र मौलिकता भित्र जेलिएको नेपाली समाजमा मगर जातिको छुट्टै अस्तित्व र पहिचान रहेको छ । प्रकृतिपुजक मगरहरु आफ्नो परम्परागत संस्कृतिलाई बाचाएर राख्न कतिबद्ध रहेको पाईन्छ । नेपालमा बसोबास गर्ने मगर समुदायमा आदिम कालदेखि मनाउदै आएका मौलिक संस्कार रीतिरिवाज र मुल्य मान्यताहरुलाई निरन्तरता दिने क्रममा यस समुदायको विभिन्न संस्कृति संरचनागत इकाइहरु मजबुत भएको पाउन सकिन्छ । यस समुदायमा विगतदेखि आजसम्म निरन्तर रुपमा विभिन्न संस्कारहरु विद्यमान रहेको पाईन्छ । जस्तै : न्वारान, पास्नी, छेवर, गुन्युचोली, विवाह लगायत मृत्यु संस्कारसम्मका कार्यहरु गर्ने गरेको पाईन्छ ।

बागलुङ जिल्ला राङ्गखानीका मगरहरु र खानी खन्ने परम्पराले यहाँका मगर समुदायको छुट्टै पहिचान दिइरहेको छ । खानी र मगर समुदाय बीचमा ऐतिहासिक घनिष्ट सम्बन्ध रहेको पाईन्छ । यहाँका प्रकृतिपुजक मगर समुदायमा धार्मिक कट्टरता पाईंदैन । यिनीहरुको धर्म भन्नु नै प्रकृतिदेवताको पूजा र आफ्ना पितृ पुर्खालाई पुज्नु हो । यहाँका मगरहरले आफ्नो पितृ पुर्खाहरलाई खुशी पार्नु आफ्नो धार्मिक कर्तब्य ठान्दछन् भने प्रकृतिलाई पुजा गरेर आफ्ना पितृ पुर्खाहरुले गरेको कार्यलाई निरन्तरता दिनु सम्झिन्छन् ।

जमिनमुनि खानीबाट निकालिएका धातुहरुबाट बनाइएका विभिन्न सामाग्रीहरुलाई विशेष गरी फलामका धारिला औजारहरुलाई दशैंको कालरात्रीको दिन पुज्ने चलन रहेको पाईन्छ । यी औजारहरुलाई कुखुराको बली दिई पूजा गर्ने चलन छ । यस कार्यबाट शक्तिको माग गरेको शोध अध्ययनबाट पुष्टी हुन्छ ।

खानी खन्ने परम्परा सम्बन्धमा समय वित्दै जाँदा यस कार्यको लोप हुँदै गएको जानकारी पाउन सकिन्छ । खानी खन्ने काम अति नै कठिन मात्र होइन जोखिम पनि भएकोले र सरकारी सुबिधा र सहयोगको अभाव रहेकोले खानी खन्ने कार्य लोप हुँदै गएपछि खेतीपाती र पशुपालन गरेर जीवन निर्वाह गरी मानवीय जीवनमा परिवर्तन आएको पाईन्छ । अहिलेको बैज्ञानिक आविष्कारले सञ्चार माध्यम र प्रविधिको विकाश आदि कारणहरु प्रमुख तत्वको रुपमा रहेको छ । यसको साथै बसाई सराई, सहरीकरण, नयाँ युवा पिढीहरको नयाँ सोचविचार पनि परिवर्तनका कारक तत्व हुन् ।

### ६.१.३ सुझावहरु

नेपाल एक बहुजाति, बहुभाषी, बहुसंस्कृति तथा धर्म निरपेक्ष राज्य हो । यस देशमा आदिमकालबाट बसोबास गर्दै आइरहेका विविद जातजातिहरुको आफ्नै किसिमको धर्म, संस्कृति, परम्परा, कला, सीप, साहित्य आदि रहेका छन् । यी सबै नेपाल र नेपालीको सम्पत्ति हुन् । नेपाल एक अनेकतामा एकता नेपाली पहिचान हुन् । आज यस देशमा बसोबास गर्ने कुनै पनि समुदायको धर्म संस्कार संस्कृति कला, साहित्य र सीप लोप हुनु भनेको नेपल र नेपालीहरुको अस्तित्व गुम्नु हो । त्यसैले प्रत्येक जातजातिहरको भाषाभाषी, धर्म, संस्कार, कला, सीप, साहित्य र ज्ञानहरुको राज्यस्तरबाट संरक्षण गर्नु नितान्त आवश्यक छ । यी विविध पक्षहरु ठूलो, सानो, उचनिच हुँदैनन् । सबैलाई आ-आफ्नो सांस्कृतिक मूल्य र मान्यता प्रिय लाग्छ । अरुको संस्कारलाई पनि त्यत्तिकै सम्मान र आदर गर्न आवश्यक हुन्छ । यो नै आजको युगको माग हो ।

समय परिवर्तनशील छ । हिजो जस्तो आज छैन, आज जस्तो भोलि हुँदैन । त्यसैले समय अनुसार यस देशका प्रत्येक जातजाति, भाषाभाषीहरुले आ-आफ्नो परम्परागत धर्म, संस्कार, संस्कृति, कला, साहित्य, ज्ञानसीप आदिलाई डोहोर्‍याउँदै लैजान सक्नु आजका युवा पुस्तामा चुनौतीको विषय बन्दै आएको छ । यस देशका आदिबासी मगर समुदायको पनि मौलिक पहिचान दिने विविध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा मध्येको एक

खानी खन्ने परम्परा प्रमुख रुपमा रहेको छ । यस शोधपत्र तयार पार्ने क्रममा खानी खन्ने परम्परागत पेशाबारे शुक्ष्म अध्ययन गरी यथार्थताको नजिक पुग्ने प्रयास गरिएको छ ।

यहाँका मगर पुर्खाहरको खानी खन्ने परम्परागत पेशा लोप भएकोले यस समुदायमा कतै कसैबाट जानकारी नभएकोले खानी खनेका मगरपुर्खाका सन्ततीहरले थाहा पाउन नितान्त आवश्यक छ । विगत कालमा मगरहरुले आफ्नै मातृभाषा बोल्थे भने आज यस ठाउँका मगर सन्ततीहरुले मातृभाषा बोल्दैनन् । त्यसैले मगरहरुको आफ्नो मातृभाषा आफ्नै मौलिक परम्परा भएको भन्नेबारे जानकारी दिलाउन पनि अति आवश्यक देखिन्छ । मुख्यतया सहरी क्षेत्रमा बसाई सराई गरी बसोबास गरेका मगर समुदायले आफ्ना सन्ततीहरुलाई समय समयमा आफ्नो जन्म थलोमा लगी खानी खन्ने परम्परागत पेशाको जानकारी दिई आफ्नो पुर्खाहरु प्रति र उनीहरुको ज्ञानसीप र कलाहरुको मायामोह जागृत गराउनु पर्दछ ।

अन्त्यमा राङ्गखानीका मगरहरु र खानी खन्ने परम्पराबारे कुनै ब्यक्ति, संस्था र निकायहरुबाट खोज अनुसन्धान नभएको र राङ्गखानीमा खानी खन्ने परम्परा पनि लोप भैसकेको अवस्था भएकोले यस अध्ययनमार्फत सो क्षेत्रलाई संरक्षण गर्न सम्बन्धित निकाय (खानी विभाग) लाई ध्यानाकर्षण गरिन्छ ।

# सन्दर्भ सामाग्री (**Bibliography**)


गुरुङ, ओम प्रसाद (१९९७ Vol.2), Nepali History and Society, Mandala Book point Journal.

रेग्मी, महेशचन्द्र (१७६८-१८४६), Nepali Economic History, खानी र तंकण, C-8/2,Yamuna Vihar Delhi.

थापा मगर, नरु (२०६७), किरात मगर इतिहास, निरन्तर प्रकाशन, बागबजार, काठमाडौं ।

Haaland Gunner, Haaland Randi, and Rijal Suman (97.2002:35-54), Case study, ANTHROPOS.

शर्मा, खेम राज (२०६५), मगरको सांस्कृतिक, सामाजिक पक्ष, एम.ए. थेसिस शोधपत्र समाजशास्त्र, त्रि.वि.

बुढा मगर, बम कुमारी, (२०६५) जोरा स्याई, मगर संस्कृति घाँटु, देउराली अफसेट प्रेस प्रा.लि., पुतलीसडक काठमाडौं ।

विष्ट, डोरबहादुर (२०५८), सबैजातको फूलबारी, (With reference to Pandhra Thare "fifteen-clan" Magars of Dhorpatan region, Baglung) M.A. shodpatra sociology, University.

बराल मगर, केशरजंग (२०५०), पाल्पा, स्याङ्जा, तनहुमा मगरको संस्कृति Kathmandu Royal Nepal Academy.

बूढा मगर, हर्कबहादुर (२०४९) किराँत वंश र मगरहरु, District Development Committee Baglung. (DDC 2058)

थापामगर, एम.एस.(१०४९) प्राचीन मगर र अक्खा लिपि, Gharti Magar, Jhhakendra-2066, M.A. shodpatra sociology, T.U. University.

थापा मगर, लोक बहादुर (२०५८), मगर संस्कृति, छापामा जनजाति, एकता बुक्स थापाथली काठमाडौं ।

तामाङ, सिताराम (श्रीपाल्मु, तामाङ, २०४४), नेपालमा जनजाति समस्या, रञ्जना आले, एम.ए. थेसिस समाजशास्त्र त्रि-चन्द्र बहुमुखी क्याम्पस, घण्टाघर, काठमाडौं ।

थापा मगर, लोक बशादुर (२०५३), मगर काण्ड, रञ्जना आले, एम.ए. थेसिस समाजशास्त्र त्रि-चन्द्र बहुमुखी क्याम्पस, घण्टाघर,काठमाडौं ।

# अनुसूची १

## त्रिभुवन विश्व विद्यालय समाज शास्त्र/मानव शास्त्र

## केन्द्रिय विभाग कीर्तिपुर

## मगरहरुको खानी खन्ने परम्परा एक समाज शास्त्रिय अध्ययन

## समुह 'क'

## ब्यक्तिगत विवरण

नामः ......................................उमेर............................................

लिङ्ग....................................जन्मस्थल..................................................

हालको बसोबास स्थान...........................................फोन नं..................

शिक्षा ............................................पेशा.........................................

धर्म.......................भाषा................................वैवाहिक अवस्था.........................

## वस्तुगत प्रश्नावली

सहि उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

१) तपाइको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

क) तीन जना ख) चार जना ग) पाँच जना घ) पाच जना भन्द माथि

२) तपाइको पेशा वा आय आर्जनको स्रोत के हो ?

क) कृषि ख) ब्यापार ब्याबसाय ग) वैदेशिक रोजगार घ) सरकारी नोकरी ङ) अन्य

३) तपाइको परिवारमा आय आर्जन गर्ने ब्यक्ति कतिजना हुनुहुन्छ ?

क) एक जना ख) दुई जना ग) तीन जना घ) तीना जना भन्दा माथि

४) खानी खन्नुको अर्थ के हो ?

क) जीवन चलाउन  ख) बढी पैसा कमाउन  ग) सरकारलाई कर तिर्न
घ) सामाग्री बनाउन

५) खानी खन्ने काममा बढी संलग्नता कसको रहयो ?

क) बालबालिका  ख) लोग्ने मानिसको ग) लोग्ने मानिस र स्वास्नी मानिस बराबरी घ) माथिका सबै

६) खानी खन्न कत्तिको सजिलो थियो ?

क) सजिलै  ख) कठिन  ग) जोखिमपूर्ण माथिका सबै

७) खानी खन्दा कस्तो साधन प्रयोग गरिन्थ्यो ?

क) ताङ्गा  ख) घन  ग) छिनो  घ) माथिका सबै

८) खानी खन्ने परम्परागत पेशाले यहाँका मगर समुदायमा कस्तो सम्बन्ध स्थापना गर्‍यो ?

क) नराम्रो  ख) राम्रो  ग) अति राम्रो  घ) केहि फरक पारेन ।

९) वर्तमान समयमा खानी खन्ने परम्परा कायमै छ ?

क) लोप भैसक्यो  ख) छैन  ग) सुरुङ्ग मात्र छ  घ) थाहा छैन

१०) खानी खन्ने परम्परामा परिवर्तन आउनुको मुख्य कारण के हो ?

क) खानी खन्ने काम गाह्रो भएर  ख) धातु नपाएर  ग) खानी खन्न रोक लगाएर
घ) खानी भित्र मान्छे मरेर

## खुल्ला प्रश्नावली

## समुह 'ख'

१) खानी भनेको के हो ?

..........................................................................

२) खानी खन्ने काम कहिले देखि शुरु भयो ?

..........................................................................

३) खानी किन खनियो ?

..........................................................................

४) तपाइको घर परिवारमा खानी खन्ने परम्परागत पेशा बारे के धारणा रहेको छ ?

..........................................................................

५) खानी खन्ने परम्परागत पेशाले जीवन चलाउन कस्तो भूमिका निर्वाह गर्‍यो ?

..................................................................................

६) खानी खन्ने परम्पराको आर्थिक महत्व के हो ?

...........................................................................................

७) खानी खन्ने परम्पराको धार्मिक महत्व के हो ?

.................................................................................................

८) पितृ तथा प्रकृतिलाई पुज्नुको उद्देश्य के हो ?

......................................................................................................

९) हाल खानी खन्ने परम्परा कायम छ ?

........................................................................................................

१०) खानी र मगर पर्यायवाची शब्द किन हुन ?

....................................................................................................

११) खानी खन्ने परम्पराको संरक्षण कसरी गर्न सकिन्छ ?

..........................................................................

# अनुसूची २

## अन्तरवार्ता लिइएका ब्यक्तिहरुको नामावली

| क.सं | नामावली | पेशा/योग्यता/पद | ठेगाना |
|---|---|---|---|
| १. | बम बहादुर श्रीस मगर | कृषि | राङ्खानी ४ |
| २. | नर बहादुर श्रीस मगर | कृषि | राङ्खानी ४ |
| ३. | भीम बहादुर श्रीस मगर | भू.पु. भारतिय सैनिक, भू.पु.गा.वि.स. अध्यक्ष तथा समाजसेवी | राङ्खानी ४ |
| ४. | चन्द्रकान्त आर्चाय | प्र.अ. राङ्खानी मा.वि. वि.एस.सी./वि.एड. | राङ्खानी ४ |
| ५. | ढक बहादुर पुन | शिक्षक उच्च मा.वि. एम.एड./वि.ए. | राङ्खानी ४ |
| ६. | गौरी देवी पुन | शिक्षिका प्रा.वि./एस.एल.सी. | राङ्खानी ४ |
| ७. | पदम बहादुर श्रीस मगर | भू.पु. क्याप्टेन भारतिय सैनिक तथा समाजसेवी | राङ्खानी ४ |
| ८. | पूर्ण बहादुर श्रीस मगर | कृषि/एस.एल.सी. | राङ्खानी ४ |
| ९. | टेक बहादुर श्रीस मगर | कृषि | राङ्खानी ४ |
| १०. | भक्त कैलास श्रीस मगर | कृषि | राङ्खानी ४ |
| ११. | धन बहादुर श्रीस मगर | कृषि/भू.पु. भारतिय सैनिक | राङ्खानी ४ |
| १२. | गंगा बहादुर राना मगर | कृषि/भू.पु. भारतिय सैनिक | राङ्खानी ४ |
| १३. | जगदिश श्रीस मगर | व्यापार/आई.ए. | राङ्खानी ४ |
| १४. | मन बहादुर श्रीस मगर | व्यापार/आई.एस.सी. | राङ्खानी ४ |
| १५. | थीर प्रसाद श्रीस मगर | भू.पु. सुबेदार भारतिय सैनिक तथा समाजसेवी | राङ्खानी ४ |
| १६. | झुपा श्रीस मगर | कृषि/स्वास्थ्य स्वयंमसेविका | राङ्खानी ४ |
| १७. | बोम बहादुर श्रीस मगर | कृषि/समाजसेवी | राङ्खानी ४ |

# अनुसूची ३

## शब्दावलीहरु

सगुन – विवाह आदि सुअवसरमा प्रदान गरिने खानेकुरा (जाँड, रक्सी, अण्डा, मासु, दूध, फलफुल आदि) ।

खलाती – धातु पगाल्न आगो फुक्नको लागि प्रयोग गरिने बाखाको छालाको आगो फुक्ने औजार ।

आफर – धातु प्रशोधन गर्न प्रयोग गरिने भट्टी ।

जाबो – रेसादार झाडी बनास्पति लोक्ताले बुनेको सामान बोक्ने झोला ।

पुवा – रेसादार झाडी बनस्पति ।

सुकुल – परालबाट बनाइएको सानो गुन्द्री ।

पेरुङ्गो – माछा मासु सुकाउँने बाँस वा निगालाले बुनेको टोकरी ।

डाम्लो – घर पालुवा जनावरलाई बाँधेर राख्ने डोरी ।

डोको – बाँस वा निगालाको चोयाले बुनेको टोकरी ।

डालो – बाँस वा निगालाको चोयाले बाक्लो गरी बुनेको सामान राख्ने टोकरी ।

थुङ्से – बाँस, निगालाको चोयाले बाक्लो गरी बुनेको सामान राख्ने तथा बोक्ने टोकरी ।

बाउसो – फलामबाट बनेको जमिन खन्ने औजार ।

अंखरा – पानी पिउनको लागि राखिने सानो भाँडो ।

ताउलो – तामाबाट बनाइएको भात पकाउने सानो भाँडो ।

खड्कुलो – तामाबाट बनाइएको भोज भतेरमा खानेकुरा पकाउने ठुलो भाँडो ।

ओखल – ढुङ्गामा खोपेर बनाइएको सानो खाडल (जसमा धाउलाई राखेर धातु छुट्याउँदा परेको खाल्डोलाई ओखल भनिएको हो) ।